# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

भाषा मानवीय सञ्चारको प्रणाली हो । भाषा विचार विनिमयको परस्परित माध्यम हो जसको प्रयोग प्रचलित ध्वनि सङ्केत वा लिपि चिह्नद्वारा हुने गर्दछ । भाषा विनिमयको साधन हो । यसलाई सामाजिक विनिमयको उपज आदिको कालदेखि मानवले सामाजिक अन्तर्क्रियाका निम्ति भाषाको प्रयोग गर्दै आएको हो । मनका भावना अनुभूतिलाई अरूसामु पुऱ्याउँनका निम्ति भाषाको प्रयोग गरिन्छ । भाषाको प्रयोग क्षेत्र व्यापक हुन्छ । संसारका भाषालाई दश भाषापरिवारमा विभाजन गरिएको पाइन्छ । संसारमा सबैभन्दा बढी प्रयोग भएको भाषा भारोपेली भाषा हो । नेपाली भाषालाई मातृभाषाको रूपमा मात्र नहेरी सम्पर्कको भाषा, सरकारी कामकाजको भाषा, स्रोत भाषा, सञ्चारको भाषा र दैनिक व्यवहारको भाषाका रूपमा हेर्ने गरिएको छ । भाषालाई भाषिक सीप आदानात्मक (सुनाइ, बोलाइ) र प्रदानात्मक (पढाइ, लेखाइ) गरी अध्ययन गरिन्छ । यी सबै सीपहरू एक अर्कोसँग सम्बन्धित हुन्छन् । यसमध्ये लेखाइ सीप बढी जटिल मानिन्छ । यस लेखाइ सीपको विकासमा दैनिकी लेखनलाई पनि लिन सकिन्छ । दैनिकी लेखन लेखाइ सीपसँग सम्बन्धित छ ।

सामान्यतया दैनिकी भन्नाले कुनै पनि व्यक्तिले आफ्नो जीवनमा घटेका राम्रा नराम्रा दिनदिनैको घटनाहरूलाई कालान्तरसम्म स्मरणमा राख्नको लागि तयार पारिएको टिपोटलाई नै दैनिकी भनिन्छ । यसलाई अङ्ग्रेजीमा ‘डेली डायरी’ पनि भनिन्छ । दिनदिनै भए गरेका कुराहरूलाई समेट्ने काम दैनिकी लेखनले गर्दछ । यसले लेखाइ सीपको विकास गर्दछ । दैनिकी लेखन रूपक विधामध्येको एक उपविधा हो । विभिन्न समयमा घटेका घटना, गरेका कार्य, देखेका कुरा, सुनेका ज्ञान, गरेका वा थाहा पाएका कुरा र अनुभव गरेका कुराहरूको तिथिमिति र स्थान समेतको उल्लेख गरी प्रायः हरेक दिनजसो गरिने वैयक्तिक टिपोटलाई दैनिकी भनिन्छ (पौडेल, २०७० : २३) । यो एउटा नितान्त वैयक्तिक लेख्य विधा हो । यसले मौलिक र स्वतन्त्र एवमं सिर्जनात्मक लेखन कलाको विकास गर्छ । एक दिनभरिमा गरेका वा भएका मुख्य कार्यहरूलाई सिलसिलाबद्ध ढङ्गले प्रस्तुत गरिने रचनालाई दैनिकी भनिन्छ

(भट्टराई र ढुङ्गेल, २०७२ : ३५३) । यसमा बिहानदेखि बेलुका सुत्ने समयसम्मका दिनभरिका घटनाहरूको बारेमा लेखिने गरिन्छ ।

जीवनका विशेष घटना, अनुभव र कार्यहरूको विशेष किसिमको टिपोटलाई दैनिकी भन्ने चलन छ : यसैलाई दैनन्दिनी अथवा अङ्ग्रेजी भाषामा डेली डायरी पनि भन्ने गरिन्छ । दिनभरिको दिनचर्या सकिसकेपछि राती सुत्नुभन्दा अगाडि हरेक दिन आफूले गरेका, देखेका, भोगेका, अनुभव गरेका, थाहा पाएका, सुनेका र कल्पना गरेका कुराहरूको स्मरण गरी एक दुई ओटा अनुच्छेदमा चिरसम्झनाका लागि गरिने टिपोटका रूपमा यसको पहिचान हुने हुनाले यसलाई वैयक्तिक रचना भनिएको हो । प्राथमिक तहका उत्तरवर्ती कक्षाहरूबाट यसको सामान्य सुरुवात गरेर माध्यमिक र उच्च माध्यमिक तहसम्म यसको लेखन अभ्यासलाई विस्तार गरेर लैजान सकिन्छ (शर्मा र पौडेल, २०६८ : ३८३) । यसबाट लिखित अभिव्यक्तिको विकासमा गतिमयता, शुद्धता तथा शैलीलाई परिष्कार गर्न मद्दत पुग्दछ ।

## १.२ समस्याकथन

कुनै पनि अनुसन्धान गर्नका लागि छानिएका विषयवस्तु नै अनुसन्धानको समस्या हो । अनुसन्धान एउटा आफैँमा जटिल र व्यापक कार्य हो । शोधकार्यको महत्त्वपूर्ण अङ्गका रूपमा समस्याकथनलाई लिइन्छ । यस दैनिकी लेखनले भाषाका चार ओटा सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सीपलाई बढी जोड दिने गर्दछ । त्यसैले कुनै पनि खास विषय क्षेत्रमा देखिएका समस्याहरूको खोजी गर्न र तिनको समाधान गर्न शोधसँग सम्बन्धित हुने भएकोले समस्याकथनले अनुसन्धान कार्यमा महत्त्वपूर्ण योगदान दिइएको छ । शैक्षिक पाठ्यक्रममा समावेश गरिएका सिर्जनात्मक अभ्यास र अन्य विषयवस्तु कस्तो छ ?, समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता कस्तो रहेको छ ? भाषिक पृष्ठभूमिका आधारमा दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो रहेको छ ?, लैङ्गिक अध्ययनको आधारमा दैनिकी लेखन क्षमता तुलनात्मक स्थिति के कस्तो रहेको छ ? र विद्यालय प्रकृतिका आधारमा दैनिकी लेखन क्षमता कस्तो रहेको छ ? यी कुराहरू शोधकार्यका समस्याका रूपमा रहेका छन् ।

शैक्षिक पाठ्यक्रमहरूले दैनिकी लेखनसम्बन्धी पाठ्यवस्तुलाई महत्त्व दिइएको परिप्रेक्ष्यमा मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको शीर्षकसँग सम्बन्धित समस्यालाई प्रस्तुत गरिएको छ :

(क) मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता कस्तो छ ?

(ख) लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

(ग) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको दैनिकी लेखन क्षमता समान छ ?

(घ) भाषिक पृष्ठभूमिका आधारमा उक्त विद्यार्थीहरूको दैनिकी लेखन क्षमता कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

शोधकार्यको महत्त्वपूर्ण अङ्गका रूपमा उद्देश्यलाई लिइन्छ । कुनै पनि गन्तव्यमा पुग्नको लागि उद्देश्यको आवश्यकता पर्छ । कुनै पनि शोधकार्य सफलताका साथ सम्पन्न गर्नका लागि अनुसन्धान गर्नुपूर्व उद्देश्य तोकिनुपर्दछ । निश्चित लक्ष्य प्राप्ति गर्नको लागि सबैभन्दा पहिला उद्देश्य चयन गरिनुपर्छ । यसमा निश्चित उद्देश्यहरू रहेका हुन्छन । जसलाई निम्नानुसार बुँदागत रूपमा देखाइएको छ :

(क) मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पत्ता लगाउनु,

(ख) लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गर्नु,

(ग) विद्यालय प्रकृतिको आधारमा उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गर्नु,

(घ) भाषिक पृष्ठभूमिका आधारमा उक्त विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

विद्यार्थीहरूको आदानात्मक सीपसँग सम्बन्धित लेखन सीपको विकास गर्नका लागि विभिन्न किसिमका कार्यकलापहरू राखिएको छ । यस कार्यकलापहरूले विद्यार्थीहरूलाई

दैनिकी लेखनसक्ने बनाउँनु सान्दर्भिक देखिन्छ । यस लेखनबाट विद्यार्थीहरूको सिर्जनशीलता, मौलिकता र वैयक्तिकता जस्ता कुराहरूको विकास हुने भएकोले लेखाइ सीपलाई विकास गर्नका लागि शोधपत्र सान्दर्भिक देखिन्छ ।

दैनिकी लेखनले विद्यार्थीहरूको लेख्नसक्ने क्षमताको विकास गरी लेखनलाई परिष्कार गर्न, व्याख्या विश्लेषण गर्न, लेख्य प्रक्रियाको विकास गर्न सहयोग पुऱ्याउँछ । भाषिक सीपलाई विद्यालय स्तरबाट विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको विकास गराउनको लागि सान्दर्भिक र उपयोगी देखिन्छ ।

भाषाका चार ओटा सीपहरूमध्ये लेखाइ सीपले दैनिकी लेखन क्षमतालाई अँगाल्छ । कुनै पनि मानिसले आफूले व्यक्त गर्न खोजेको कुराहरूलाई कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने कुरा बुझ्न लेखन पक्षको भाषिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्दछ । विचारहरूको सिर्जनात्मक र वैयक्तिक क्षमताको विकास गर्न दैनिकी लेखन शिक्षणले सहयोग पुऱ्याउँछ । दैनिकी लेखन प्रकिया लेखाइ सीप विकासको मुख्य कार्यकलापको रूपमा लिइन्छ । यो तल्लो तहमाभन्दा माथिल्लो तहमा बढी उपयोगी देखिन्छ । यसको सहयोगबाट विद्यार्थीहरूको लेख्य क्षमताको पहिचान गर्न सहज हुने हुँदा दैनिकी लेखन कार्य गराउनु सान्दर्भिक र उपयोगी देखिन्छ ।

## १.५ अध्ययन परिसीमा

अध्ययन एउटा जटिल र चुनौतीपूर्ण कार्य हो । कुनै पनि विषयको क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त व्यापक र विस्तृत हुन्छ । कुनै पनि शोधपत्रको अध्ययनको क्रममा सम्पूर्ण क्षेत्रलाई व्यापक रूपमा समेट्न सकिदैंन । त्यसैकारण अध्ययनका सीमा र क्षेत्रलाई निश्चित रूपमा तोक्नुपर्ने हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न समय, स्रोत, लगानीका दृष्टिले कठिन हुने हुँदा अध्ययनको व्यापकतालाई सीमित गर्नुपर्ने हुन्छ ।

प्रस्तुत अध्ययन मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययनको परिसीमा निम्नानुसार रहेका छन् :

(क) मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमतामा केन्द्रित रहेको छ ।

(ख) मकवानपुर जिल्लाअन्तर्गत थाहा नगरपालिकाभित्रका पाँच ओटा सामुदायिक र पाँच ओटा संस्थागत विद्यालयलाई लिइएको छ ।

(ग) प्रस्तुत अध्ययनमा प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थी लिइएको छ ।

(घ) लैङ्गिकताका आधारमा छात्र ५० जना र छात्रा ५० जना गरी जम्मा १०० जनाबीच दैनिकी लेखन क्षमताको तुलात्मक अध्ययनमा सीमित रहेको छ ।

(ङ) विद्यालय प्रकृतिको आधारमा संस्थागत विद्यालयका ५० जना र सामुदायिक विद्यालयका ५० जना गरी जम्मा १०० विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको जाँच परीक्षणमा सीमित रहेको छ ।

(च) भाषिक पृष्ठभूमिका आधारमा संस्थागत विद्यालयका नेपाली भाषी २० जना र सामुदायिक विद्यालयका २० जना गरी जम्मा ४० जना विद्यार्थीहरूको दैनिकी लेखन क्षमता सीमित रहेको छ ।

(छ) भाषिक पृष्ठभूमिका आधारमा संस्थागत विद्यालयका दोस्रो भाषी ३० जना र सामुदायिक विद्यालयका ३० जना गरी जम्मा ६० जना विद्यार्थीहरूको दैनिकी लेखन क्षमता सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

यस अध्ययनको संरचनालाई व्यवस्थित तरिकाले प्रस्तुत गर्नको लागि अध्ययनको रूपरेखा आवश्यक पर्दछ । यस शोधपत्रलाई निम्नानुसारका अध्यायमा विभाजन गरी अनुसन्धान गरिएको छ :

**अध्याय एक**

यस एक अध्यायमा शोधको परिचय रहेको छ । यस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको परिसीमा शीर्षकहरू रहेको छ ।

**अध्याय दुई**

यस अध्यायमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप रहेको छ । यसमा पुस्तकको पुनरावलोकन, शोधपत्रको पुनरावलोकन, पूर्वकार्यको पुनरावलोकनको महत्त्व,

सैद्धान्तिक प्रारूप, दैनिकी लेखनको परिचय, दैनिकी लेखनको परिभाषा, दैनिकी लेखनका प्रयोजन, दैनिकी लेखनमा ध्यान दिर्नुपर्ने कुराहरू, दैनिकी लेखनका प्रक्रिया, दैनिकी लेखनका कार्यकलापहरू, लेखाइ सीप, लेखाइ सीप शिक्षणको आवश्यकता र महत्त्व, लेखाइ सीपको विकासमा दैनिकी लेखनको स्थान र भूमिका, निम्नमाध्यमिक तहमा दैनिकी लेखनको प्रयोजन शीर्षकहरू रहेको छ ।

**अध्याय तिन**

यस अध्यायमा अध्ययनविधि र प्रक्रिया मुख्य रहेको छ । जसमा जनसङ्ख्या, नमुना छनोट, सामग्रीका स्रोतहरू, सामग्री निर्माण, विश्लेषण प्रक्रिया शीर्षकहरू रहेको छ ।

**अध्याय चार**

यस अध्यायमा मकवानपुर जिल्लाको कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता शीर्षक रहेको छ ।

**अध्याय पाँच**

यस अध्यायमा विद्यार्थीहरूको लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमता शीर्षक रहेको छ ।

**अध्याय छ**

यस अध्यायमा विद्यार्थीहरूको विद्यालय प्रकृतिको आधारमा दैनिकी लेखन क्षमता शीर्षक रहेको छ ।

**अध्याय सात**

यस अध्यायमा विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा दैनिकी लेखन क्षमता शीर्षक रहेको छ ।

**अध्याय आठ**

यस अध्यायमा सारांश, निष्कर्ष र उपयोगिता शीर्षक रहेको छ ।

अन्तिममा सन्दर्भसूची, परिशिष्ट र व्यक्तिवृत्तजस्ता कुराहरू समावेश गरिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि भाषिक विषयमा अनुसन्धान गर्नुपूर्व अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, शोधपत्र आदि) को व्यवस्थित तरिकाले गरिएको अवलोकन नै पूर्वकार्यको पुनरावलोकन हो । कुनै पनि अनुसन्धान कार्यमा संलग्न हुनको लागि त्यस कार्यलाई सफल बनाउन त्यसभन्दा अगाडि भए गरेका मुख्य मुख्य कार्यहरूको बारेमा अध्ययन विश्लेषण गरी आफ्नो शोधकार्यलाई सफल बनाउन सहयोग पुऱ्याउने कार्यहरूलाई नै पूर्वकार्यको पुनरावलोकन मानिएको छ ।

प्रस्तुत अध्ययन मकवानपुर जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता शीर्षकसँग सम्बन्धित रहेको छ । यस अध्ययनमा विभिन्न पाठ्यपुस्तक, चिठी लेखन, सांराश लेखन, निवेदन लेखन, कथा लेखन, अनुच्छेद लेखन, अक्षरलेखन, प्रतिवेदन लेखन, निमन्त्रणा लेखन, बुँदाटिपोट, दैनिकी लेखन, मनोवाद लेखनजस्ता लेखनसँग सम्बन्धित अध्ययनलाई नै पूर्वकार्यको पुनरावलोकनका रूपमा चर्चा गरिएको छ । यस शीर्षकसँग मिल्ने पाठ्यपुस्तक र दैनिकी लेखन क्षमतासँग सम्बन्धित शोधकार्यका पूर्व अनुसन्धानका निष्कर्षलाई आधारमानी तयार गरिएको छ ।

### २.१.१ पुस्तक पुनरावलोकन

शर्मा र पौडेल, (२०६८) द्वारा लिखित *नेपाली भाषा शिक्षणका सन्दर्भहरू* नामक पुस्तक प्रकाशित भएको छ । निश्चित विषयको शीर्षकमा आधारित भएर लेखिएको टिपोट नै दैनिकी लेखन हो । पुस्तकमा विभिन्न भाषिक सीपहरूको चर्चामा लेखाइ शिक्षणको उल्लेख गरिएको छ । यस अन्तर्गत लेखाइ शिक्षणको परिचय, माध्यमिक तहमा लेखाइ शिक्षणको आवश्यकता, बोलाइ र लेखाइ सीप सम्बन्धी यान्त्रिक, निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखन, लेखाइ शिक्षणका कार्यकलाप, कमजोरी र निराकरणका उपाय, लिखित अभिव्यक्तिको शुद्धीकरणको चर्चा गरिएको छ । यस पुस्तकमा दैनिकी लेखनका प्रयोजनहरू दिएको छ । यसमा मौलिक र स्वतन्त्र एवम् सिर्जनात्मक लेखनकलाको पूर्वाधार तयार गर्नु र सोही अनुसारको सीपको विकास गर्नु नै दैनिकी लेखनको मुख्य प्रयोजन हो भनि चर्चा

गरिएको छ । यसै आधारमा दैनिकी लेखन क्षमताको विकासको लागि यो पुस्तक सान्दर्भिक मानिएको छ । यस पुस्तकले सैद्धान्तिक आधार तयार गर्न सहयोग पुऱ्याएको छ ।

अधिकारी, (२०६९) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा भाषा शिक्षणको विभिन्न पक्षको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण अध्ययन समावेश गरिएको छ । यस पुस्तकमा लेखाइ शिक्षणको महत्त्व र आवश्यकता, लिखित र मौखिक अभिव्यक्ति, लेखन र पठन, लेखनका प्रयोजन, लेखनका कमजोरी वा त्रुटि क्षेत्र, लेखाइ शिक्षणका कार्यकलापहरू, आभ्यासिक तथा निर्देशित लेखन, स्वतन्त्र तथा सृजनात्मक लेखन लेखाइको शुद्धीकरण र लेखन शिक्षणमा विचार पुऱ्याउनु पर्ने केही विशेष कुराका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा जीवनका विशेष घटना, अनुभव र कार्यहरूको विशेष किसिमको टिपोटलाई दैनिकीको रूपमा परिचयको उल्लेख गरिएको छ । यस पुस्तकले सामग्री सङ्कलन गर्न सहयोग पुऱ्याएको छ ।

ढकाल, (२०७०) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तक प्रकाशित गरिएको छ । यस पाठ्यपुस्तकमा भाषिक सीप विकासको विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चार ओटै सीपलाई समावेश गरिएको छ । यस पुस्तकमा सिकाइको तह, अवस्था र प्रयोजनानुसार लेखन कार्यको प्रकारको चर्चा गरिएको छ । यान्त्रिक लेखन, निर्देशन लेखन, स्वतन्त्र लेखन, सिर्जनात्मक लेखन र लेखाइमा विद्यार्थीले गर्ने त्रुटिको चर्चा गरिएको पाइन्छ । यस पुस्तकले सामग्री सङ्कलन गर्न सहयोग पुऱ्याएको छ ।

पौडेल, (२०७०) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तक प्रकाशित गरिएको छ । यस पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण पनि समावेश गरिएको छ । यसमा परिचय, प्रकार, लेखन कलाको प्रयोजन, लेखन कला शिक्षणका कार्यकलाप, लेखन कला विकासका प्रारम्भिक कार्यकलाप र लेखन कला विकासका उत्तरवर्ती कार्यकलापका बारेमा चर्चा गरिएको छ । विभिन्न समयमा घटेका घटना, गरेका कार्य, देखेका कुरा, सुनेका ज्ञान, गरेका वा थाहा पाएका कुरा र अनुभव गरेका कुराहरूको तिथिमिति र स्थान समेतको उल्लेख गरी प्रायः हरेक दिनजसो गरिने वैयक्तिक टिपोटलाई दैनिकी भनिन्छ । यसमा दैनिकी लेखनको परिचय र शिक्षण प्रकियाको उल्लेख गरिएको छ । यस पुस्तकले सैद्धान्तिक आधार तयार गर्न सहयोग पुऱ्याएको छ ।

भट्टराई र ढुङ्गेल, (२०७२) द्वारा लिखित *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति* नामक पुस्तकमा व्याकरणका विभिन्न पक्षका बारेमा चर्चा गरिएको छ । यसमा लेखन अभिव्यक्तिका पक्षहरूको उल्लेख गरिएको छ । जसमा दैनिकी लेखनको परिचय, दैनिकी लेखने तरिकाहरू पनि रहेको छ । यस पुस्तकमा दैनिकी लेख्दा कुनै खास तिथिमितिमा केन्द्रित भएर आफूले भोगेका, देखेका कुरालाई स्तरीय ढङ्गले लेख्य अभिव्यक्ति दिन दैनिकी लेखाउनु पर्दछ भन्ने कुरा उल्लेख भएको छ । साथै दैनिकी आफ्नै बितेको समयलाई राम्ररी देखाउने ऐना हो । यसबाट आफूले पहिले गरेका कामहरूको मूल्याङ्कन गर्दै सहि बाटोमा हिँड्न मार्गनिर्देशन पनि प्राप्त हुन्छ भन्ने कुरा समेत उल्लेख भएको छ । यस पुस्तकको अध्ययनबाट व्याकरणका साथै दैनिकी लेखन प्रक्रियाको बारेमा अध्ययन गर्न सहयोग पुग्ने देखिएको छ ।

माथि उल्लेखित विभिन्न पुस्तकहरूको पुनरावलोकनले लेखन सीप विकासका लागि विभिन्न कार्यकलापको चर्चा गरेको छ । दैनिकी लेखनका बारेमा विभिन्न चर्चा गरेको पाइदैन । यसलाई माध्यमिक तहमा मात्र सिमित गरेको छ । यो तल्लो तहदेखि माथिल्लो तहमा विकास गराउन पनि आवश्यक देखिन्छ ।

### २.१.२ शोधपत्रको पुनरावलोकन

खत्री, (२०७२) द्वारा 'रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा तयार पारिएको पाइन्छ । उक्त शोधपत्र रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, कक्षाका संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिती पहिल्याउनु, चिठीका प्रमुख अङ्गका आधारमा सो कक्षामा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता पहिल्याउनु, ती कक्षाका छात्र र छात्राहरूको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । यसका लागि क्षेत्रीय अध्ययन विधि प्रयोग गरिएको पाइयो । त्यसैगरी अध्ययन कार्यलाई अगाडि बढाउने क्रममा यो अध्ययन विद्यालयका विद्यार्थीहरूसम्म मात्र सम्बन्धित भएकाले रुकुम जिल्लाभित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्ने सिलसिलामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता के कस्तो छ ? लैङ्गिकताका आधारमा छात्र र छात्रागत रूपमा चिठी लेखन क्षमता कस्तो देखिन्छ ? चिठीका अङ्गका आधारमा के कसरी चिठी लेख्न सक्छन् जस्ता समस्याहरू अध्ययनका

क्रममा पहिचान गरी निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्यले सैद्धान्तिक आधार तयार गर्न सहयोग गरेको छ ।

ढकाल, (२०७२) द्वारा 'कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा वैयक्तिक क्षमताको अध्ययन अनुसन्धान गरिएको पाइन्छ । समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता, लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको दैनिकी लेखन क्षमता र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पहिल्याउनु जस्ता उद्देश्यहरू रहेको पाइन्छ । यस अध्ययनको विधिअन्तर्गत समग्र विद्यार्थीको दैनिकी लेखन क्षमतामा जम्मा १० ओटा विद्यालयका १०० जना विद्यार्थीलाई जनसङ्ख्याको रूपमा लिइएको पाइयो । समग्र विद्यालयको आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमतालाई हेर्दा १० पूर्णाङ्कमा उच्च अङ्क ल्याउने ५५ जना, मध्यम अङ्क ल्याउने १४ जना, निम्न अङ्क ल्याउने ३१ जना रहेको, लैङ्गिकताका आधारमा समग्र छात्राहरूको दैनिकी लेखन क्षमताभन्दा छात्रहरूको दैनिकी लेखन क्षमता तुलनात्मक रूपमा राम्रो रहेको र विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्यले विश्लेषण गर्न सहयोग गरेको छ ।

भण्डारी, (२०७२) द्वारा 'बझाङ जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा क्षेत्रीय अध्ययन विधि प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययनमा बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, छात्र र छात्राहरूको अनुच्छेद लेखन क्षमताको तुलना गर्नु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । यसमा संस्थागत विद्यालयमा पढाइ हुने कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता शीर्षक चयन क्रमबद्धता मौलिकता राम्रो रहेतापनि भाषिक शुद्धता र मूलभाव सामान्य रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्यले सामग्री सङ्कलन गर्न सहयोग गरेको छ ।

रिजाल, (२०७२) द्वारा 'काठमाडौँ जिल्लाका कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकमा तयार पारिएको पाइन्छ । यस शोधपत्रमा कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता पत्ता लगाउनु, नेपाली भाषी र दोस्रो भाषीको विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता पत्ता लगाइ निराकरणका उपाय

सुझाउनु जस्ता उद्देश्य राखिएको पाइन्छ । यो क्षेत्रीय अध्ययन विधिद्वारा शोधपत्रका लागि सामग्री सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोतका रूपमा काठमाडौँ जिल्लाका विभिन्न चार ओटा उच्च मा.वि का २०/२० जना विद्यार्थीहरू गरी ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ भने द्वितीयक सामग्रीको रूपमा पूर्वकार्यहरू, सन्दर्भपुस्तकहरू, पत्रपत्रिकाहरू तथा लेखरचनाहरू लिइएको पाइन्छ । श्री जनमैत्री बहुमुखी क्याम्पसका कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखनको प्रतिशताङ्क स्थिति गणना गर्दा ३९ प्रतिशतभन्दा माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७० प्रतिशत भएकाले लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्यले वर्गीकरण गर्न सहयोग गरेको छ ।

दुवाडी, (२०७३) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' नामक शीर्षकको अध्ययनपत्र तयार पारिएको पाइन्छ । यस अध्ययनमा धादिङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु र विद्यालय प्रकृति आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य राखिएको पाइन्छ । यस प्रक्रियाअन्तर्गत जनसङ्ख्याको पहिचान र अध्ययन क्षेत्र, नमुना प्रतिनिधि छनोट, तथ्याङ्क सङ्कलन विधि, सामग्री निर्माण र तथ्याङ्कको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता विधिहरूको प्रयोग गरिएको छ । समग्र विद्यार्थीहरूमा सबैभन्दा तल्लो क्षेणीमा १९ प्रतिशत र सबैभन्दा माथिल्लो क्षेणीमा ३१ प्रतिशत रहेकाले धादिङ जिल्लाका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता ठीकै रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्यले सामग्री सङ्कलन गर्न सहयोग गरेको छ ।

पन्थ, (२०७३) द्वारा 'गुल्मी जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' शीर्षकको शोधपत्र तयार गरिएको पाइन्छ । यसमा गुल्मी जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिको आधारमा दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र दैनिकी लेखन क्षमता विकासका उपाय पहिल्याउनु जस्ता उद्देश्य राखिएको पाइन्छ । यसमा सामाजिक मनोवैज्ञानिक शैक्षिक आदि पक्षलाई आधार मानिएको देखिन्छ । यस दैनिकी लेखन क्षमताको प्राप्ताङ्कका

आधारमा छात्रहरूभन्दा छात्राहरू नै बढी रहेको पाइयो, दैनिकी लेखनमा संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले तिथिमिति सही ठाँउमा लेखेको पाइयो । यसरी समग्र विद्यार्थीको दैनिकी लेखन क्षमता सन्तोषजनक रहेको छन् भन्ने निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्यले विश्लेषण गर्न सहयोग गरेको छ ।

पौडेल, (२०७३) द्वारा 'पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन' शीर्षकमा तयार पारिएको पाइन्छ । यस शोधपत्र पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको कथा लेखन क्षमताको तुलना गर्नु जस्ता उद्देश्य राखिएका पाइन्छ । यो क्षेत्रीय अध्ययन विधिद्वारा पर्वत जिल्लाका सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत ५० जना र संस्थागत विद्यालयका ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई लिइएको पाइन्छ । यसमा लैङ्गिकताका आधारमा छात्रहरूको मध्यमान ११.७६ प्रतिशत रहेकाले छात्राको क्षमता उच्च रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्यले सैद्धान्तिक आधार तयार गर्न सहयोग गरेको छ ।

विष्ट, (२०७३) द्वारा 'काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन' शीर्षकमा तयार पारिएको पाइन्छ । यसका उद्देश्यहरू सम्रग विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पत्ता लगाउनु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको विश्लेषण गर्नु र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गर्नु जस्ता उद्देश्य राखिएको पाइन्छ । यसमा क्षेत्रीय अध्ययन विधि, प्राथमिक र द्वितिय स्रोतको प्रयोग गरिएको पाइन्छ । दैनिकी लेखन क्षमताको समग्र स्थितिलाई हेर्दा १०० जना विद्यार्थीहरूमा ४० प्रतिशतसम्म ल्याउने ६४ जना अर्थात् ६४ प्रतिशत, ४० देखि ५० प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या २१ जना अर्थात् २१ प्रतिशत, ५० देखि ६० प्रतिशत अङ्क ल्याउने ९ जना अर्थात् ९ प्रतिशत र ६० प्रतिशतभन्दा माथि ल्याउनेको सङ्ख्या ६ जना अर्थात् ६ प्रतिशत रहेको छ, विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरू विषयवस्तुमा उत्तममा २ जना अर्थात् ४ प्रतिशत, मध्यममा ४ जना अर्थात ८ प्रतिशत, सामान्यमा १० जना अर्थात् २० प्रतिशत र निम्नमा ३४ जना अर्थात् ६८ प्रतिशत रहेको छ । यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा ५ जना अर्थात् १० प्रतिशत, सामान्यमा ११ जना अर्थात् २२ प्रतिशत र निम्नमा ३० जना अर्थात् ६०

प्रतिशत रहेको छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू अलि अगाडि देखिए तापनि समग्रमा सबै विद्यालयका विद्यार्थीहरूले विषयवस्तुमा ध्यान नदिएको पाइयो । लैङ्गिकताका आधारमा छात्रहरूमध्ये विषयवस्तुको उत्तममा ८ जना अर्थात् १६ प्रतिशत, मध्यममा १३ जना अर्थात् २६ प्रतिशत, सामान्यमा २१ जना अर्थात् ४२ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत रहेका छन् भने छात्राहरूमध्ये उत्तममा १० जना अर्थात् २० प्रतिशत, मध्यममा १५ जना अर्थात् ३० प्रतिशत, सामान्यमा १४ जना अर्थात् २८ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत रहेको देखिएको छ । तुलनात्मक रूपमा छात्र र छात्राबीचको शीर्षक अनुसार विषयवस्तुको प्रयोग गराई सामान्य रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस प्रस्तुत शोधकार्यले विश्लेषण गर्न सहयोग गरेको छ ।

बेल्वासे, (२०७३) द्वारा 'काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा तयार पारिएको पाइन्छ । उक्त शोधपत्रमा भाषिक पृष्ठभूमिका आधारमा सारांश लेखन क्षमताको अध्ययन र विद्यालय प्रकृतिका आधारमा सारांश लेखन क्षमताको अध्ययन गर्ने उद्देश्य राखिएको पाइन्छ । यसका लागि क्षेत्रीय अध्ययन विधिद्वारा काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकाभित्र रहेका पाँच ओटा सामुदायिक र पाँच ओटा संस्थागत विद्यालय चयन गरिएको पाइन्छ । यसमा सारांश लेखनको परिभाषा, विशेषताहरू, विधि वा कार्यकलाप, ध्यान दिनुपर्ने कुराहरू उल्लेख गरिएको पाइन्छ । यसमा लैङ्गिक दृष्टिका आधारमा छात्रा र छात्रहरूलाई लिइएको पाइन्छ । यस अध्ययनमा सारांश लेखन गर्नको लागि दृष्टांश र अदृष्टांशलाई लिनु उपयुक्त देखिएको छ । यस शोधपत्र प्रस्तुत लेखन क्षमतासँग सम्बन्धित रहेको पाइन्छ । यस शोधकार्यले सैद्धान्तिक आधार तयार गर्न सहयोग गरेको छ ।

महरा, (२०७३) द्वारा 'कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन' शीर्षकमा लेखाइ सीप र लिपि चिह्नको अध्ययन गरिएको पाइन्छ । उक्त शोधपत्रमा सम्रग विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तुलना, लैङ्गिकताका आधारमा अक्षरलेखन क्षमताको तुलना र विद्यालय प्रकृतिका आधारमा अक्षरलेखन क्षमताको तुलना जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । प्रस्तुत शोधकार्यको लागि अध्ययन विधि, जनसंख्या, नमुना छनोट, तथ्याङ्क सङ्कलन प्रक्रिया, साधनको निर्माण र व्याख्या विश्लेषण जस्ता विधिहरूको अध्ययनमा आधारित भएर गरिएको पाइन्छ । प्रतिशताङ्कका आधारमा समग्र

विद्यार्थीहरूको सबैभन्दा बढी ५७ प्रतिशत उत्तम श्रेणी रहेकाले विद्यार्थीहरूको अक्षरलेखन क्षमता उत्तम खालको रहेको पाइन्छ । लैङगिकताका आधारमा छात्रहरूको अक्षरलेखन क्षमताको मध्यमान ७७.५६ र छात्राको अक्षरलेखन क्षमताको मध्यमान ७६.९ रहेको पाइन्छ । सामुदायिक विद्यालयको अक्षरलेखन क्षमताको प्राप्ताङ्कको मध्यमान ७६.७६ र संस्थागत विद्यालयको अक्षरलेखन क्षमताको प्राप्ताङ्कको मध्यमान ७८.२४ रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्यले सामग्री सङ्कलन गर्न सहयोग गरेको छ ।

रिमाल, (२०७३) द्वारा 'कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' नामक शीर्षकमा तयार पारिएको पाइन्छ । यस शोधपत्रमा कीर्तिपुर नगरपालिकाभित्रका कक्षा पाँचमा अध्ययनरत सामुदायिक विद्यालयको पाँच ओटा र संस्थागत विद्यालयको पाँच ओटा गरी जम्मा १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूमा निवेदन लेखन क्षमताको अध्ययनलाई प्रतिशतका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गरिएको पाइन्छ । जसमा चार क्षेणी निर्धारण गरी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको व्याख्या विश्लेषण गरिएको पाइन्छ । यसमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमता र भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमता जस्ता उद्देश्य राखिएको पाइन्छ । यसमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । समग्र विद्यार्थीहरू निवेदन लेखन क्षमतामा मध्यमान २१.७५ र मानक विचलन २४.६१ रहेको पाइयो भने मध्यमानभन्दा माथि ४९ प्रतिशत र मध्यमानभन्दा तल ५१ प्रतिशत विद्यार्थीहरू रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधकार्य तथ्याङ्क सङ्कलन गर्न सहयोग गरेको छ ।

माथि उल्लेख भएका शोधपत्रको पुनरावलोकनबाट प्रदानात्मक सीपअन्तर्गत लेखाइ सीपसँग सम्बन्धित भई विभिन्न अध्ययन भएको पाइन्छ । लेखाइ सीपको विकास गर्नका लागि चिठी लेखन, सारांश लेखन, निवेदन लेखन, कथा लेखन, अनुच्छेद लेखन, अक्षरलेखन, प्रतिवेदन लेखन, निमन्त्रणा लेखन, बुँदाटिपोट, दैनिकी लेखन, मनोवाद लेखनजस्ता विभिन्न लेखनसंग सम्बन्धीत अध्ययन भएको पाइयो । यस अध्ययनले लेखाइ सीपको विकासमा टेवा पुऱ्याउने देखिन्छ । यस विभिन्न शोधपत्रको पुनरावलोकनलाई हेर्दा दैनिकी लेखनमा अध्ययन कम भएको पाइयो । त्यसैले लेखाइ सीप विकासमा दैनिकी लेखनले सहयोग पुऱ्याउने हुदा

यसको अध्ययन हुन आवश्यक छ । त्यसकारणले यो अध्ययन दैनिकी लेखनसँग सम्बन्धित भएको पाइन्छ ।

## २.२ पूर्वकार्यको पुनरावलोकन महत्त्व

कुनै पनि शोधकार्य सम्पन्न गर्नको लागि सम्बन्धित क्षेत्रमा विभिन्न किसिमको पूर्वकार्यको अध्ययन गर्नु ज्यादै आवश्यक हुन्छ । कुनै मानवीय अनुभव तथा ज्ञानलाई संरक्षण गर्न, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका भाषालाई फैलाउन र सम्प्रेषण योग्य बनाउन तथा व्यक्तिका मनमा लागेका विभिन्न किसिमका विचारहरूलाई लामो समयसम्म सुरक्षित राख्नका लागि लेखाइ सीपको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

पूर्वकार्यको अध्ययनले शोधार्थीको लेखन सीपमा निखार्ता ल्याउन, वर्णविन्यास, शब्दभण्डार, चिह्नहरूको प्रयोग, वाक्यगठन वा शब्दचयन, भाषिक शुद्धता, विषयवस्तु, क्रमवद्वता, ढाँचा, शैली वा प्रस्तुती जस्ता कुराहरूलाई मिलाएर लेख्नका लागि दैनिकी लेखनले उल्लेख्य भूमिका खेलेको हुन्छ । यस पूर्वकार्यको अध्ययनले आफूलाई आवश्यक परेको साम्रगीहरूमा के कति मात्रामा काम भएको छ । त्यसमा आफूले के कति गर्नुपर्ने छ भन्ने कुराको पनि जानकारी गराउँछ । अनुसन्धानकर्ताले आफ्नो विषय तथा शीर्षकका निम्ति आवश्यक परेको कुरालाई पूर्वकार्यको अध्ययनबाट राम्ररी सूचना सङ्कलन गरी विश्लेषण गर्ने विधिहरूको बारेमा जानकारी दिने काम गर्दछ । यसले शोधार्थीहरूलाई समस्याकथनमा सहयोग पुऱ्याउँन मद्दत गर्दछ । यसबाट विद्यार्थीहरूमा लेखन सीपको विकास गर्न दैनिकी लेखनको महत्त्वपूर्ण भूमिका रहन्छ ।

माथिका उपयुक्त पुस्तक र शोधपत्रको समीक्षाका आधारमा पूर्वकार्यको अध्ययनले शोधकार्यलाई सम्पन्न गराउनको लागि महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले यसको महत्त्व रहेको हुन्छ । यसैले अनुसन्धानकर्ताले पूर्वकार्यको अध्ययन गर्नु ज्यादै नै आवश्यक छ ।

## २.३ सैद्धान्तिक प्रारूप

भाषा मानवीय सञ्चारको प्रणाली हो । संस्कृत भाषाको 'भाष्' धातुमा 'आ' प्रत्यय लागेर बनेको भाषा शब्दले बोली भन्ने अर्थ दिन्छ । भाषा विचार विनिमयको परम्परित माध्यम हो । मानव अवयवद्वारा उच्चारित ध्वनि नै भाषा हो । यो सामाजिक विनिमयको उपज आदिको कालदेखि मानवले सामाजिक अन्तर्कियाका निम्ति भाषाको प्रयोग गर्दै आएको हो । भाषालाई मानवीय बोली र सम्प्रेषणात्मक व्यवहारको आवश्यकता पर्दछ । भाषाका

भाषिक सीपहरूमध्ये आदानात्मक (सुनाइ, पढाइ) र प्रदानात्मक (बोलाइ, लेखाइ) गरी अध्ययन गरिन्छ । त्यसैले भाषिक सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपमध्ये लेखाइ सीप महत्त्वपूर्ण मानिन्छ । लेखाइ सीपले भाषालाई जीवन्त बनाउँछ । भाषालाई मौखिक र लिखित गरी दुई भागमा विभाजन गरिन्छ ।

### २.३.१ **दैनिकी लेखनको परिचय**

सामान्यतया बिहान आफू उठेदेखि बेकुका सुत्नेबेलासम्म भए गरेका सम्पूर्ण घटना, भेटघाट, अनुभव, यात्रा, कार्यक्रमजस्ता विभिन्न कुराहरूलाई सिलसिलाबद्ध रूपमा लेखिएको रचनालाई नै दैनिकी लेखन भनिन्छ (पोखरेल र अन्य, २०६९ : १५०) । यसलाई अङ्ग्रेजीमा 'डेली डायरी' पनि भनिन्छ । यो लेखाइ सीपसँग सम्बन्धित छ । यसले विद्यार्थीहरूको लेख्ने क्षमताको विकास गराउँछ । दैनिकी लेखन क्षमताले मानिसका मनमा भएका विचारहरूलाई लिपिबद्ध रूपमा सङ्कलन गरी दीर्घकालिन बनाई राख्न लेखाइ सीपको आवश्यकता पर्दछ । व्यक्तिले आफ्नो दैनिक घटेका घटना, देखेका कुरा, यात्रा वर्णनलाई लामो समयसम्म टिकाइ राख्नको लागि दैनिकी लेखन गरिन्छ । दैनिकी लेखन कक्षाको स्तर र आवश्यकता अनुसार शिक्षकले दैनिकीको परिचय र महत्त्व बताएर विभिन्न ढङ्गढाँचालाई रोचक तरिकाबाट नमुना पढेर सुनाइ दिने, दैनिकी लेख्ने तरिका विद्यार्थीहरूलाई कक्षाकोठामा नै खास शीर्षक दिएर दैनिकी लेखन लगाउने, आवश्यकता अनुसार सुझाव दिएर दैनिकी लेखन गराउन सकिन्छ । यसले विद्यार्थीको स्मरण शक्ति बढाउँन र स्वतन्त्र वा मौलिक ढङ्गको शैली विकास गरी सिर्जनात्मक क्षमता विकास गर्न पनि मद्दत गर्छ । यसका लागि सम्बन्धित शीर्षकको छनोट, तिथिमिति र स्थान, घटना वा यात्रा वर्णन, बुँदाटिपोट, अनुभव वर्णन, बोध प्रश्नोत्तर, दैनिकी लेखन जस्ता क्रियाकलापहरू गराउन सकिन्छ । यसबाट विद्यार्थीहरूलाई जाँगरिलो र नियमित बनाई रोचक शैली र सिलसिलाको निर्माण गरी लेख्ने कलाको विकास गराउन सकिन्छ ।

#### २.३.१.१ **उद्देश्य**

दैनिकी लेखनको महत्त्वपूर्ण अङ्गका रूपमा उद्देश्यलाई लिइन्छ । यस शोधपत्रमा दैनिकी लेखनलाई गन्तव्यमा पुऱ्याउँनको लागि उद्देश्यको आवश्यकता पर्दछ । यस शोधपत्रमा दैनिकी लेखनलाई सफलताका साथ सम्पन्न गर्नका लागि अनुसन्धान गर्नुपूर्व उद्देश्य तोकिनुपर्दछ । निश्चित लक्ष्य प्राप्ति गर्नको लागि सबैभन्दा पहिला उद्देश्य चयन गरिनुपर्छ ।

### २.३.१.२ **महत्त्व**

दैनिकी लेखनलाई स्नातकोत्तर तहको शोधपत्र लेखनका सिलसिलामा तयार पारिएको हो । विभिन्न शीर्षकमा अध्ययन अनुसन्धान गर्नुपर्ने भएकोले दैनिकी लेखनको बारेमा लेखिएका कुराहरूलाई पछिल्लो दिनमा सैद्धान्तिक साहित्यको पुनरावलोकन गराउन सहयोग गर्नेछ । यसले दैनिकी लेखनको नमुनाको बारेमा जानकारी गराउन सहयोग गर्दछ । दैनिकी लेखन सम्बन्धी पुस्तक र विभिन्न विद्वानहरूले दिएको सैद्धान्तिक धारणाहरूको अध्ययन गरिने हुनाले पछिका दिनहरूमा यसको महत्त्व रहनेछ । दैनिकी लेखनका विभिन्न कार्यकलापहरूको अध्ययन गर्न, विश्लेषणका आधारहरू पहिचान गर्न र पुर्नलेखन गर्न सहयोग हुने भएकोले महत्त्वपूर्ण भूमिका रहनेछ ।

### २.३.१.३.१ **विधि**

सामान्य अर्थमा विधि भन्नाले तौरतरिका भन्ने बुझिन्छ । यो अध्ययन दैनिकीसँग सम्बन्धित पाठ्यपुस्तकका कार्यकलापलाई वर्णनात्मक विधिबाट प्रस्तुत गरिएको छ ।

### २.३.१.४ **सामग्रीको स्रोत**

शोधपत्र तयार गर्दा विभिन्न पाठ्यपुस्तक, लेखरचनासँग सम्बन्धित भएर सामग्री सङ्कलन गरिएको छ । यसमा पाठ्यपुस्तक, पहिले लेखिएका शोधपत्रहरूलाई द्वितीयक स्रोतका सामग्रीहरूको रूपमा प्रयोग गरिएको छ ।

### २.३.१.५ **सामग्री सङ्कलन**

प्रस्तुत शोधपत्रका लागि द्वितीयक स्रोतका सैद्धान्तिक अवधारणाहरूबाट सामग्री सङ्कलन गरिएको छ । यस शोधपत्रमा वर्णनात्मक विधि प्रयोग गरी तयार पारेकाले पुस्तक, शोधपत्र आदिबाट सामग्री सङ्कलन गरिएको छ ।

### २.३.१.६ **विश्लेषण प्रक्रिया**

दैनिकी लेखनसँग सम्बन्धित विभिन्न विद्वानहरूको भनाई पुस्तक, शोधपत्रमा रहेका धारणा वा विचारलाई आधारमानी दैनिकी लेखन शिक्षणका कार्यकलापहरूको वर्णन गरी विश्लेषण समेत गरिएको छ ।

### २.३.२ **दैनिकी लेखनका कार्यकलापहरू**

कक्षाकोठामा शिक्षक, शिक्षिकाले शिक्षण गर्ने क्रममा अपनाइने ढङ्गढाँचा, तरिका, शैली आदिलाई कार्यकलाप भनिन्छ । अथवा दैनिकी लेख्न आवश्यक पर्ने कुराहरूलाई कार्यकलाप मानिन्छ । कुनै पाठ्यक्रममा निर्धारण गरिएको उद्देश्य हासिल गर्न शिक्षण सिकाइका क्रममा पाठ्यपुस्तक र विद्यार्थीको स्तर सुहाउँदो नभई नहुने कुरा नै कार्यकलाप हो । दैनिकी लेखन क्षमताका आ-आफ्नै कार्यकलापहरू हुन्छन् । दैनिकी लेखन शिक्षणमा विभिन्न कार्यकलापहरू अपनाउन सकिन्छ । जुन कार्यकलापलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**क) विषय शीर्षकको छनोट**

दैनिकी लेखनको पहिलो कार्यकलापको रूपमा विषय शीर्षकको छनोट हो । सबैभन्दा पहिला दैनिकी कुन विषयसँग सम्बन्धित भएर लेख्ने हो भन्ने विषयमा प्रस्ट हुने र विद्यार्थीहरूको रुचि भएको शीर्षकको छनोट गराउनु पर्दछ ।

**ख) तिथिमिति र स्थान**

दैनिकी लेखनलाई छुट्याउन सकिने अलग कार्यकलाप नै तिथिमिति र स्थान हो । यसमा प्रत्येक समय, स्थानहरू समावेश गरिएको हुन्छ । दैनिकी लेख्दा सर्वप्रथम सिरानको दायाँपट्टि दैनिकी जुन स्थानमा बसेर लेखिएको हो त्यस स्थानको ठेगाना लेख्नुपर्छ र ठेगानाको तल दैनिकी लेखेको दिनको मिति र समय लेख्नुपर्दछ ।

**ग) बुँदाटिपोट**

मौखिक वा लिखित रूपमा कुनै पनि अभिव्यक्ति प्राप्त गरेपछि त्यससँग सम्बद्ध मुख्य कुरालाई टिपोट गर्ने काम बुँदाटिपोटले गर्दछ । दैनिकी लेखनुभन्दा पहिला विद्यार्थीहरूलाई दिइएको विषयवस्तुसँग सम्बन्धित भई अनुभव र घटनाहरूलाई बुँदागत रूपमा टिपोट गर्न लगाउनु पर्दछ । जसबाट दैनिकी लेख्दा मुख्य कुराहरू छुट्दैनन् ।

**घ) घटना, यात्रा वर्णन**

लेखन अभिव्यक्तिको विकासका लागि विद्यार्थीहरूलाई देखे भोगेका घटना वा यात्रा वर्णन गर्न लगाउन सकिन्छ । विद्यार्थीहरूलाई आफ्नो एक दिनभरि घटेका घटना वा यात्राका बारेमा वर्णन गर्न लगाउनुपर्छ ।

ङ)　**अनुभव वर्णन**

आफूले अनुभव गरेका एकदिनको कुरालाई विषय बनाई सिलसिला मिलाई लेख्न लगाउने कार्यकलाप दैनिकी लेखनअन्तर्गत पर्दछ । एक दिनभरि गरेका कामहरूको आधारमा अनुभव प्रस्तुत गर्न लगाउनु पर्दछ ।

च)　**बोध प्रश्नोत्तर**

कुनै दैनिकी लेखनमा सुनेका र देखेका विषयका आधारमा प्रश्नहरू दिई उत्तर लेख्न लगाउनु बोध प्रश्नोत्तर हो । सम्बन्धित दैनिकीलाई राम्ररी पढी त्यसको बोध भए नभएको कुरा बुझ्न विभिन्न प्रश्नहरू सोध्न सहयोग पुऱ्याउँछ ।

छ)　**दैनिकी लेखन**

यसको मुख्य कार्यकलाप नै दैनिकी लेखन हो । कुनै घटना, अनुभवसँग सम्बन्धित विषय शीर्षक दिई त्यसका बारेमा एउटा दैनिकी लेखन लगाउने काम यस अन्तर्गत गरिन्छ । एक दिनसम्म घटेका घटना वा यात्राहरूलाई लामो समयसम्म स्मरणमा राख्नको लागि तयार पारिएको टिपोट नै दैनिकी लेखन हो ।

### २.३.२.१ निष्कर्ष

दैनिकी लेखन क्षमताको अध्ययन लेखन सीपसँग सम्बन्धित छ । दैनिकी लेखन लिपिबद्ध सामग्री हो । कुनै पनि व्यक्तिले आफ्नो जीवनमा घटेका राम्रा नराम्रा घटनाहरूलाई कालान्तरसम्म स्मरणमा राख्नको लागि तयार पारिएको टिपोट नै दैनिकी लेखन हो । यसले विद्यार्थीहरूको लेखन क्षमताको विकास र सुधार गरी लेखन क्षमताको विकास गराउनुको साथै दैनिकी लेखन अध्ययन सम्बन्धी उनीहरूको क्षमता बुझ्न सहयोग गर्छ । विद्यार्थीहरूलाई शिक्षकले दैनिकीका नमुना देखाएर लेख्य तरिका तिथिमिति र स्थान राख्ने बताएर विद्यार्थीलाई लेख्न लगाएर शिक्षण गराउनुपर्छ । दैनिकी लेखन क्षमताका कार्यकलाप अन्तर्गतका विषय शीर्षक, तिथिमिति र स्थान, बुँदाटिपोट, घटना वा यात्रा वर्णन, अनुभव वर्णन, बोध पश्नोत्तर र दैनिकी लेखन जस्ता माध्ममबाट पनि सञ्चालन गर्न सकिन्छ ।

### २.३.३　दैनिकीको परिभाषा

दैनिकी लेखनका बारेमा विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाबाट परिभाषाहरू दिएका छन् । जसमध्ये विद्वानहरूका दैनिकी लेखन सम्बन्धी परिभाषाहरू तल निम्नानुसार प्रस्तुत गरिएको छ ।

शर्मा र पौडेल (२०६८ : ३८३) का अनुसार दैनिक जीवनका विशेष घटना, अनुभव र कार्यहरूको विशेष किसिमको टिपोटलाई दैनिकी भन्ने चलन छ : यसैलाई दैनन्दिनी अथवा अङ्ग्रेजी भाषामा डेली डायरी पनि भन्ने गरिन्छ । प्राथमिक तहका उत्तरवर्ती कक्षाहरूबाट यसको सामान्य सुरुवात गरेर माध्यमिक र उच्च माध्यमिक तहसम्म यसको लेखन अभ्यासलाई विस्तार गरेर लैजान सकिन्छ भनेका छन् भने पोखरेल र अन्य (२०६९ : १५०) विद्वान्हरूले दैनिकीमा बिहान उठेदेखि बेलुका नसुतेसम्मका महत्त्वपूर्ण घटना, अनुभव यात्रा भेटघाट कार्यक्रम आदिलाई सिलसिलाबद्ध रूपमा लेख्ने काम गरिन्छ । आफ्ना जीवनका महत्त्वपूर्ण श्रणलाई दीर्घकालसम्म स्मृतिमा राख्न दैनिकी लेखनको भूमिका अविस्मरणीय हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् । यसै गरी पौडेल (२०७० : ९७) का अनुसार एक दिनभरिमा गरेका वा भएका मुख्य कार्यहरूलाई सिलसिलाबद्ध ढङ्गले प्रस्तुत गरिने रचनालाई दैनिकी भनिन्छ । दैनिकी व्यावाहारिक लेखन र आत्मकथा पनि हो साथै भाषिक कला र सीप पनि दैनिकी नै हो भनेका छन् । यसै आधारमा अधिकारी (२०६९ : १३५) ले दैनिक जीवनमा घटेका घटना, विशेष अनुभव तथा जानकारीको टिपोट वा टिपोटात्मक विवरण तयार पार्नु दैनिकी लेखन हो । यसमा प्रत्येक दिनका खास अनुभव तथा घटनालाई एक वा दुई अनुच्छेद टिपोटका रूपमा सँगेलिने गरिन्छ भन्ने कुरा व्यक्त गरेका छन् । ढुङ्गेल र दाहाल (२०६७ : १६५) का अनुसार कुनै पनि व्यक्तिले आफ्नो दिनभरिको कार्यकलापलाई समेटेर लेखेको लेखन नै दैनिकी लेखन हो । कुनै एक व्यक्तिको जीवनमा आएका उतार चढाव प्रगति अवनति सङ्कट हर्षका इतिहास सही रूपमा खोतल्ने हो भने उसको विगत समयको दैनिकी खोज्नुपर्छ वा पढ्नुपर्छ । यसरी विभिन्न विद्वानहरूले दैनिकी लेखनका बारेमा आ-आफ्नो तरिकाले आफ्ना भनाईहरू व्यक्त गरेका छन् ।

निर्ष्कषमा भन्नुपर्दा माथि उल्लेखित परिभाषाबाट के प्रस्ट हुन्छ भने कुनै पनि व्यक्तिले आफ्नो दिनभरि घटेका घटना, विशेष अनुभव तथा जानकारीको टिपोट वा टिपोटात्मक विवरणका आधारमा एक दिनभरि गरेका वा भएका मुख्य कार्यहरूलाई सिलसिलाबद्ध ढङ्गले प्रस्तुत गरि लेखिएको रचना नै दैनिकी लेखन हो भन्ने बुझिन्छ ।

### २.३.४ दैनिकी लेखनका प्रयोजन

भाषाका चार ओटा सीपहरू सुनाइ, बोलाइ, पढाइ, र लेखाइमध्येको एक महत्त्वपूर्ण सीपको रूपमा लेखाइ सीप मानिन्छ । लेखाइ सीपसँग सम्वन्धित कार्यकलापहरूको रूपमा

दैनिकी लेखनलाई लिन सकिन्छ । दैनिकी लेखन लेखाइ सीप विकासको आधार हो । दैनिकी लेखनले कुनै पनि विषयमा एकदिनमा भएका कुराहरूलाई स्वतन्त्र तरिकाले लेखाइमा शुद्धता र स्तरीयता ल्याउनको लागि पनि सहयोग पुऱ्याउँछ । यसले लेखाइ सीपमा कुनै पनि विषयमा सन्दर्भ नछुटाइकन शृङ्खलाबद्ध रूपमा अभिव्यक्ति दिने क्षमताको विकास गराउदँछ । विद्यार्थीहरूमा भएका मौलिक क्षमता तथा सिर्जनात्मक क्षमता विकास गर्न सहयोग पुऱ्याउँदछ (शर्मा र पौडेल, २०७० : १५४) । कुनै पनि व्यक्तिले आफ्नो दिनभरिको कार्यकलापलाई समेटेर लेखेको लेखन नै दैनिकी लेखन हो । यस प्रकारका लेखनले कुनै एक व्यक्तिको ऐतिहासिक अभिलेखको काम समेत गर्दछ (ढुङ्गेल र दाहाल, २०६७ : १६५) । साथै यसले व्याकरणात्मक र वर्णविन्यासगत त्रुटिहरू निराकरण गर्न पनि सहयोग पुऱ्याउँदछ । समग्रमा यस दैनिकी लेखनको प्रयोजनलाई तल निम्नानुसार बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :

क) दैनिक घटनाहरूलाई लेख्य रूपमा अभिव्यक्ति गर्नु,

ख) उपयुक्त ढङ्गले सुहाउँदो तरिकाबाट शब्द र वाक्यको प्रयोग गर्नु,

ग) सिर्जनात्मक लेखनप्रति विद्यार्थीहरूको अभिरूचि जगाउनु,

घ) शब्दभण्डार क्षमताको विकास गर्नु,

ङ) विद्यार्थीको स्वाध्ययन बानीको विकास गर्नु,

च) आफूले देखेका, भोगेका कुराहरूसँग सम्बन्धित भई लेखन क्षमताको विकास गर्नु,

छ) मौलिक, स्वतन्त्र, र सिर्जनात्मक लेखन क्षमताको पहिचान गर्नु,

ज) शुद्ध र स्पष्ट रूपमा लेखन अभिव्यक्तिको विकास गर्नु,

झ) लेखन क्षमताको विकास गर्नु,

ञ) विद्यार्थीहरूको दैनिक जीवनमा घटेका घटना, सूचना, अनुभव, ज्ञान, प्रतिक्रिया जस्ता कुराहरूको टिपोट गर्ने बानीको विकास हुनु,

ट) हरेक दिनको दैनिकीमा तिथिमिति सहित केही न केही कुराहरू लेख्ने बानीको विकास गराई आकर्षक शैली र अभिव्यक्तिको क्रमिक रूपमा विकास गराउँनु ।

### २.३.५ दैनिकी लेखनमा ध्यान दिनुपर्ने कुराहरू

कुनै पनि शीर्षकमा दैनिकी लेखनुभन्दा पहिला त्यसको बारेमा जानकारी प्राप्त गरी दैनिकीका नियमहरूलाई आधारमानी त्यसमा आवश्यक पर्ने कुराहरूलाई समावेश गराउने तरिकाहरू नै दैनिकी लेखनमा ध्यान दिनुपर्ने कुराहरू हुन् । यस दैनिकी लेखनका लागि तलका निम्नानुसारका तरिकाहरूलाई अपनाउनु पर्दछ :

क) दैनिकी लेख्दा सबैभन्दा पहिला विषयवस्तुमा ध्यान दिनुपर्दछ,

ख) दैनिकीको सबैभन्दा माथि जुन दिनको दैनिकी लेखने हो त्यही दिनको तिथिमिति लेख्नुपर्छ,

ग) दैनिकीमा त्यस दिनका घटना, अनुभव, क्रियाकलाप, भेटघाट आदि कुराहरूलाई क्रमबद्ध रूपमा लेख्नुपर्छ,

घ) दैनिकी भूतकालको प्रथम पुरुषमा लेख्नुपर्छ,

ङ) दैनिकीमा प्रस्तुत गर्ने विषयवस्तु वैयक्तिक र निजात्मक भए पनि तिनले समाजलाई सन्देश तथा प्रेरणा दिन सक्नुपर्छ,

च) स्वतःस्फूर्त रूपमा लेखिने एक किसिमको साहित्य लेखन भएको हुनाले यसको भाषाशैली र प्रस्तुती कलात्मक हुनु राम्रो मानिन्छ,

छ) दैनिकी लेख्दा प्रत्येक दिनको आफूले गर्ने वा गरेका कुराहरूलाई क्रमबद्ध रूपमा उल्लेख गर्नुपर्दछ,

ज) यसका लागि समय विभाजनमा ध्यान दिनुपर्दछ,

झ) दैनिकी लेखिसकेपछि शीर्षक दिनुपर्दछ ।

### २.३.६ दैनिकी लेखनका प्रक्रिया

लेखाइ सीपको एक महत्त्वपूर्ण कार्यकलापको रूपमा दैनिकी लेखनलाई लिइन्छ । यो रूपक विधाको एक अङ्ग हो । दैनिकी लेखनमा अरूमा जस्तै सामान्य खालको प्रक्रियाहरूको प्रयोग गराउन सकिन्छ (बराल र एटम, २०६३) । यस दैनिकी लेखनमा शिक्षकले दैनिकीको परिचय र महत्त्व बताई विभिन्न ढङ्गढाँचाका रोचक नमुना सुनाउनुपर्छ । खास शीर्षक दिएर कक्षाकार्यका रूपमा दैनिकी लेख्न लगाउनुपर्छ । आवश्यक

टिप्पणी र सुझाब दिनुपर्छ । विद्यार्थीहरूलाई दैनिक रूपमा स्वतन्त्र ढङ्गले दैनिकी लेख्ने बानी बसाल्न सुझाव र सल्लाह दिई फाइदाको चर्चा गर्ने जस्ता कुराहरू गराउनुपर्छ (पौडेल, २०७० : ९८) । यस अभिव्यक्ति विकासले गतिमयता, शुद्धता तथा शैली परिष्कारको अपेक्षा पुरा गर्न मद्दत मिल्छ (शर्मा र पौडेल, २०६८ : ३८४) ।

यसरी दैनिकी लेखन प्रक्रियाहरूलाई तल निम्नानुसारका बुदाँहरूबाट देखाइएको छ :

क) दैनिकी लेख्न दिइएको विषयमाथि राम्रोसँग मनन् गर्ने,

ख) दैनिकी लेख्नुपर्ने दिनको मिति, स्थान र समय सबैभन्दा माथि उल्लेख गर्ने,

ग) विषयअनुसारको महत्त्वपूर्ण कुराहरूको बुँदा बनाउने वा सम्झने,

घ) बुँदासँग सम्बन्धित अनुभव र घटनालाई क्रमबद्ध बनाउने,

ङ) बुँदाहरूका आधारमा दैनिकीको खेस्रालेखन तयार पार्ने,

च) खेस्रालेखनलाई थपघट गरी परिमार्जन गरेर अन्तिम रूप दिने ।

छ) प्रथम पुरुष र भूतकालका पूरा वाक्य बनाई मीठो र सरल भनाईमा लेख्ने ।

ज) दैनिकी लेखिसकेपछि शीर्षक दिने ।

### २.३.७ लेखाइ सीप

लेखाइ शब्दको निर्माण 'लेख्' धातुमा 'आइ' प्रत्यय लागेर लेखाइ शब्द बनेको हो । कुनै पनि व्यक्तिको मनमा लागेका कुराहरूलाई नियमबद्ध रूपबाट भाषामा प्रस्तुत गर्नु नै लेखाइ हो । सीप भन्नाले तौरतरिका भन्ने बुझिन्छ । लेखाइ सीप भन्नाले कुनै पनि मौखिक अभिव्यक्तिबाट आएका कुराहरूलाई दीर्घकालिन रूपमा बचाइ राख्न र भाषाको स्थायित्व प्रदान गर्न भाषाका चार ओटा सीपहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण र स्तरीय रूप नै लेखाइ सीप हो । लिपि चिह्न लेख्ने योग्यता सहि हिज्जेहरूको प्रयोग गरी आफ्नो तौरतरिकाको विकास गर्ने सीपलाई नै लेखाइ सीप भनिन्छ । यसलाई भाषिक सीपहरूमध्येको लेख्य अभिव्यक्ति पनि मानिन्छ ।

यो लेखाइ अभिव्यक्तिको एउटा सशक्त माध्यम हो । व्यक्तिले प्राप्त गरेका विभिन्न भाषिक अनुभव तथा ज्ञानलाई लेख्य प्रतीकहरूका माध्यमबाट प्रस्तुत गर्ने भाषिक कार्यकलापलाई लिखित अभिव्यक्ति लेखाइ मानिन्छ । भाषाका सीपमध्ये लेखाइ अन्तिम सीप

हो (पोखरेल र अन्य, २०६९ : १४५) । व्यक्तिले आफ्ना भावहरू प्रस्तुत गर्न मनमा लागेका कुनै पनि विषय र समयमा लिखित तरिकाबाट अभिव्यक्ति गर्न सक्दछ । यो लेखाइ सीप व्यावाहारिक, सामाजिक र प्रशासनिक क्षेत्रमा उपयोगी हुन्छ ।

सामाजिक उपयोगिताका दृष्टिले पनि भाषिक अभिव्यक्तिमा लेखन कलाको निकै महत्त्व हुन्छ । आपसमा पत्राचार गर्न र विभिन्न ग्रन्थहरूबाट विचारहरू लिई बौद्धिकताको विकास गर्न यसको उपयोग गर्नुपर्छ । (शर्मा र पौडेल, २०७२ : १४४) । कुनै पनि व्यक्तिले आफ्नो अनुभव, ज्ञान प्राप्त गरेका कुराहरूलाई अरूसामु प्रस्तुत गर्न लामो समयसम्म सम्झनामा राख्न र भविव्यमा आफूले गरेका कुराहरूलाई अरूका लागि समेत उपयोगी बनाउनको लागि पनि लेखन कलाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### २.३.८ लेखाइ सीप शिक्षणको आवश्यकता र महत्त्व

भाषाको कथ्य र लेख्य रूप हुन्छ । मनका अन्तरभावहरूलाई ध्वनि सङ्केतका माध्यमबाट अभिव्यक्ति गर्नु कथ्य रूप हो भने ध्वनि सङ्केतलाई लिपि चिह्नका माध्यमबाट अभिव्यक्त गर्नु लेख्य रूप हो । यस कथ्य र लेख्य रूपमध्ये लेख्य रूप स्थायी खालको हुन्छ ।

भाषिक सीपहरूमध्येको लिखित अभिव्यक्ति पनि एक महत्त्वपूर्ण सीप हो । सुनेका, बोलेका र पढेका कुराहरूलाई लिपिबद्ध रूपमा सिलसिला मिलाएर राख्नको लागि लेखाइ सीपको आवश्यक पर्छ । लेखाइ सीपको विभिन्न खालका कार्यकलापहरूमा आधारित भई लेखनकलाको शिक्षण गरिन्छ । यसले स्वतन्त्र वा सिर्जनात्मक लेखन क्षमतालाई बढाउन आवश्यक गर्छ । लेख्य रूपले कलात्मक अभिव्यक्ति दिने र आत्मनिर्भर भएर बाँच्ने लेखन सामर्थ्य बढाउन लेखाइ सीपको शिक्षण गरिन्छ । लेखाइ सीपको शिक्षणमा अभ्यासात्मक हस्तलेखन, अनुलेख, श्रुतिलेखन, अनुभव, घटना वा यात्रा वर्णन, वस्तु वा चित्र वर्णन, प्रश्नोत्तर लेखन, निबन्ध लेखन, संवाद लेखन, प्रतिवेदन लेखन, टिप्पणी लेखन, सिर्जनात्मक लेखन, दैनिकी लेखन, समीक्षा लेखन, अनुच्छेद लेखन, दैनिक व्यवहारको कागजात लेखन, विस्तृतीकरण, सङ्क्षेपीकरण जस्ता कार्यकलापहरू गर्नका लागि पनि आवश्यक पदर्छ । लेखाइ सीपको शिक्षणको महत्त्व र आवश्यकतालाई तल निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

क) विद्यार्थीहरूमा दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने विभिन्न भाषिक कार्यकलापहरू चिठी लेखन, निवेदन लेखन, दैनिकी लेखन, टिपोट लेखन, प्रतिवेदन लेखन जस्ता कुराहरूमा लेख्न सक्ने बनाउनको लागि लेखाइ सीप आवश्यक छ ।

ख) विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गराउन,

ग) लेखाइमा गतिमयता, क्रमबद्धता र सङ्क्षिप्तता ल्याउन,

घ) सफा अक्षर, व्याकरणसम्मत भाषाहरूको प्रयोग गर्न,

ङ) हिज्जे, चिह्न र अनुच्छेद मिलाएर लेख्ने सीपको विकास गराउन,

च) उपयुक्त खालको शब्द, वाक्याश, उपवाक्यहरू मिलाएर लेख्न सिकाउन ।

### २.३.९ लेखाइ सीपको विकासमा दैनिकी लेखनको स्थान र भूमिका

भाषाका दुई ओटा कथ्य र लेख्य रूप हुन्छन् । यस दुई रूपमध्ये लेख्य रूपले लेखाइ सीपको विकास गराउँछ । कुनै व्यक्तिको मनका अन्तरभावनाहरूलाई ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्ति गर्दा मौखिक भाषा र ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । त्यसलाई व्यक्त गर्नु नै लेखाइ सीप हो (शर्मा र पौडेल, २०६८ : ३६७) । लेखाइ अभिव्यक्तिको एउटा सशक्त माध्यम हो । व्यक्तिले प्राप्त गरेका विभिन्न भाषिक अनुभव तथा ज्ञानलाई लेख्य प्रतीकहरूका माध्यमबाट प्रस्तुत गर्ने भाषिक कार्यकलापहरूलाई लेखाइ भनिन्छ । भाषाका सीपहरूमध्ये लेखाइ अन्तिम सीप हो । व्यक्तिले प्राप्त गरेका कुनै पनि ज्ञानलाई लामो समयसम्म राख्न लेखाइ सीपको विकासमा उपयोगी हुन्छ (अधिकारी, २०६९ : १२०) । व्यक्तिलाई आफ्ना भावहरू प्रस्तुत गर्न मन लागेमा कुनै पनि विषय (यात्रा, पर्खाइ, एकान्त स्थल) र समयमा लिखित अभिव्यक्ति प्रस्तुत गर्न सकिन्छ । व्यावहारिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा लेखाइले महत्त्वपूर्ण भूमिका खेल्दछ (पोखरेल र अन्य, २०६९ : १४५) । यसरी लेखनको विकास गर्नको लागि लेखाइ सीपको अभ्यास गराउनुपर्छ ।

यसरी लेखाइ सीपलाई तल्ला कक्षाहरूदेखि माथिल्ला कक्षाहरूसम्मका विद्यार्थीहरूलाई हस्तलेखन, अनुलेख, श्रुतिलेखन, अनुभव, घटना वा यात्रा वर्णन, वस्तु वा चित्र वर्णन, प्रश्नोत्तर लेखन, निबन्ध लेखन, संवाद लेखन, प्रतिवेदन लेखन, टिप्पणी लेखन, सिर्जनात्मक लेखन, दैनिकी लेखन, समीक्षा लेखन, अनुच्छेद लेखन, कथा लेखन, कविता लेखन जस्ता थुपै क्रियाकलापहरूका आधारमा लेखन सीपको विकास गराउँदै लैजान सकिन्छ । लेखाइ सीपको विकासका विभिन्न क्रियाकलापहरूमध्ये दैनिकी लेखनलाई महत्त्वपूर्ण मानिन्छ ।

यस दैनिकी लेखनमा विद्यार्थीहरूलाई स्वतन्त्र, सिर्जनात्मक वैयक्तिक रूपमा निर्देशन गरी अभ्यास गराउन सकिन्छ । यो निम्नमाध्यमिक तहमा सिर्जनात्मक रूपमा, उच्च माध्यमिक तहसम्म विधागत रूपमा समावेश गरिएको छ भने विश्वविद्यालय तहमा दैनिकी लेखनलाई शिक्षणको रूपमा समावेश गरिएको छ । यस दैनिकी लेखनमा विषयवस्तु, क्रमबद्धता, भाषिक शुद्धता, ढाँचा, वाक्यगठन वा शब्दचयन र शैली वा प्रस्तुतीकरण जस्ता लेखाइ सम्बन्धी नियमको आधारमा समावेश गरिएका छन् । यसरी लेखाइ सीपको विकासमा दैनिकी लेखनको स्थान र भूमिका महत्त्वपूर्ण रहेको छ ।

**२.३.१० निम्नमाध्यमिक तहमा दैनिकी शिक्षणको प्रयोजन**

निम्नमाध्यमिक तहलाई अहिले आधारभूत तह भन्ने गरिन्छ । कक्षा १ देखि ८ सम्मको कक्षालाई आधारभूत तह भनिन्छ । यस निम्नमाध्यमिक तहका कक्षा ६ देखि ८ सम्मको नेपाली विषयको पाठ्यक्रममा विधागत क्षेत्रका रूपमा कविता, कथा, जीवनी, प्रबन्ध, निवेदन, चिठी, रूपक, व्याकरण, शब्दभण्डार जस्ता विधाहरू समेटेको पाइन्छ । यस विधाहरू मध्येको रूपक विधाको एक अङ्ग दैनिकी लेखन हो ।

यस निम्नमाध्यमिक तहको प्रमुख उद्देश्य लेखन सीप विकास गर्नु हो । दैनिकी लेखन गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमताको विकास हुन्छ । दैनिकी एउटा वैयक्तिक लेखन भएकोले यसले विद्यार्थीहरूको लेखन सीपको विकास हुन्छ । दैनिकी लेखन गर्दा टिपोट गर्नु, व्याख्या विश्लेषण गर्ने, प्रतिक्रिया जनाउने जस्ता लेख्य बानी विकास गर्नु, मौलिक र स्वतन्त्र वा सिर्जनात्मक लेखन कलाको पूर्वाधार तयार गर्नु लिखित अभिव्यक्तिका भाषिक पक्षको परिष्कार गर्नु, स्मरण क्षमताको विकास गर्नु, सौन्दर्य कलाको प्रवर्द्धन गर्नु जस्ता यस विधाको उद्देश्य रहेको छ (अधिकारी, २०६९ : २३२) । दैनिकी लेखनको प्रयोजनले अन्य विधामा जस्तै भाषिक सीपको लिखित अभिव्यक्तिको विकासमा मद्दत पुऱ्याउँछ । निम्नमाध्यमिक तहमा दैनिकी लेखनको प्रयोजनहरू निम्न छन् :

क) विद्यार्थीहरूको स्वतन्त्र एवंम् सिर्जनात्मक लेखन क्षमताको विकास गर्नु,

ख) लेख्य अभिव्यक्तिको विकास गर्नु,

ग) विद्यार्थीहरूको स्मरण शक्तिको विकास गर्नु,

घ) विद्यार्थीहरूलाई जाँगरिलो र नियमित बनाई लेखन कलाको विकास गर्नु,

ङ) निश्चित समयमा आफूले एक दिनमा गरेका कुराहरूलाई उपयुक्त ढङ्गले व्यक्त गर्ने बानीको विकास गर्नु,

# अध्याय तिन

# अध्ययनविधि र प्रक्रिया

सामान्य अर्थमा अध्ययन भन्नाले खोज वा छानबिन गर्नु भन्ने बुझिन्छ भने विधि भन्नाले कुनै निश्चित उद्देश्य पुरा गर्नको लागि अपनाइने तौरतरिकालाई विधि मानिन्छ । कुनै पनि अध्ययन वा अनुसन्धान कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि शोधपत्र तयार गर्नुभन्दा अगाडि तयार गरिएको योजनालाई नै अध्ययन विधि भनिन्छ । अध्ययनकार्यलाई सरल, सहज, विश्वसनीय, वैध बनाउन सहयोग मिल्दछ । प्रस्तुत अध्ययन मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमतामा केन्दित रहेको छ । उक्त शीर्षक विद्यार्थीसँग सम्बन्धित छ । त्यसैले विद्यार्थीहरूको अध्ययन कार्य अगाडि बढाउनको लागि विभिन्न विधिहरूको प्रयोग गरिएको छ । यस अध्ययन कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्नको लागि प्रयोग गरिने खोज अध्ययन, तौरतरिका र पद्धति नै अध्ययनविधि हो । कुनै पनि अनुसन्धान कार्य विधिबिना सम्पन्न गर्न सकिदैंन । अनुसन्धान गर्दा निम्नानुसारका विधिहरूको प्रयोग गरिएको छ :

## ३.१ जनसङ्ख्या

यस प्रस्तुत अध्ययनपत्रका लागि शैक्षिक शत्र २०७४ मा मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत रहेका सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.२ नमुना छनोट

प्रस्तुत अध्ययनपत्रमा नमुना छनोटका रूपमा १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । लैङ्गिकताका आधारमा छात्र ५० जना र छात्रा ५० जना, विद्यालय प्रकृतिको आधारमा संस्थागत विद्यालयबाट ५० जना र सामुदायिक विद्यालयबाट ५० जना, भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी विद्यार्थी ४० जना र दोस्रो भाषी नेवार, तामाङ र जनजाति विद्यार्थी ६० जनालाई नमुना छनोटका रूपमा लिइएको छ ।

## ३.३ सामग्री निर्माण

प्रस्तुत अध्ययनपत्रको आधारमा विद्यार्थीको लेखन सीपको परीक्षणसँग सम्बन्धित भएर तथ्य सङ्कलन गर्नुपर्ने भएकोले सोही सामग्री निर्माण गरिएको छ । यस शीर्षकमा

शोधपत्र तयार गर्ने क्रममा दैनिकी लेखनसँग सम्बन्धित सामग्री निर्माण गरिएको छ । प्राप्त दैनिकी लेखनको तथ्याङ्कको आधारमा विद्यार्थीहरूलाई अङ्क प्रदान गरिएको छ ।

## ३.४ सामग्रीका स्रोत

अध्ययनपत्रमा सामग्री निर्माण, नमुना छनोट र जनसङ्ख्यामा तथ्याङ्क सङ्कलनका लागि आवश्यक पर्ने सामग्रीहरूलाई प्राथमिक स्रोत र द्वितीयक स्रोत गरी दुई ओटा आधारबाट सामग्री सङ्कलन गरिएको छ । यस प्राथमिक स्रोत र द्वितीयक स्रोतलाई तल निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत शोधपत्र 'मकवानपुर जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' अध्ययनका आधारमा आफूले देखेको कुनै जात्रा वा मेलाको वर्णन गरी एक दिनको दैनिकी लेख्नुहोस् ? अथवा आफ्नो विद्यालयमा आयोजना गरिएको सरस्वती पूजामा आफू सहभागी भएको कुरा उल्लेख गर्दै एक दिनको दैनिकी लेख्नुहोस् ? जस्ता दुई ओटा प्रश्न दिई कुनै एउटाको बारेमा मात्र दैनिकी लेखन लगाएर प्राथमिक स्रोतका रूपमा सामग्रीलाई सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

यस साम्रगी सङ्कलनको दोस्रो स्रोतको रूपमा द्वितीयक स्रोतलाई लिइएको छ । द्वितीयक स्रोतको रूपमा विभिन्न किसिमका पाठ्यपुस्तक, शोधपत्र र शोध निर्देशकद्वारा सामग्रीलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.५ विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनपत्र 'मकवानपुर जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' शीर्षकसँग सम्बन्धित रहेर लेखिएको छ । अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरूको सङ्कलन गर्न दैनिकी लेखनका लागि अङ्कन गरिएका उत्तरपुस्तिकाहरूमा अङ्क दिइएको छ । मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको आधारमा विश्लेषण गर्दा ८० भन्दा माथि ल्याउने उच्च, ७९ देखि ४१ सम्म ल्याउने मध्यम, ४० देखि तल ल्याउनेलाई निम्न मानिएको छ । यस परीक्षणको आधारलाई ६ खण्डमा विभाजन गरिएको छ । यसमा विषयवस्तुलाई २.५,

क्रमबद्धतालाई २, भाषिक शुद्धतालाई १.५, ढाँचालाई १, वाक्यगठन र शब्दचयनलाई १.५, शैली र प्रस्तुतीकरणलाई १.५ गरी जम्मा १० पूर्णाङ्क निर्धारण गरिएको छ । यसरी कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमतालाई स्तम्भचित्र, वृत्तचित्र, मध्यमान, मानक विचलन गणना गरी तुलनात्मक विश्लेषण गरिएको छ । दैनिकी लेखन परीक्षणबाट आएको प्राप्त अङ्कलाई तालिकीकरण, स्तम्भचित्र, वृत्तचित्र, मध्यमान, मानकविचलन र प्रतिशत श्रेणी निर्धारणका आधारमा दैनिकी लेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा निम्नानुसारका सूत्रको प्रयोग गरिएको छ :

१. **प्रतिशत**

$$P = \frac{R}{T} \times १००\%$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

२. **मध्यमान (Mean)**

$$\text{मध्यमान } (\mathbf{X}) = \frac{\sum fm}{N}$$

यहाँ $\bar{X}$ = मध्यमान

f = आवृत्ति

m = प्राप्ताङ्क वर्गान्तरको मध्यबिन्दु

$\sum fm$ = आवृत्ति र प्राप्ताङ्क वर्गान्तरको मध्यबिन्दुको गुणनफलको योगफल

N = जम्मा विद्यार्थी सङ्ख्या

३. **मानक विचलन (standard deviation)**

$$\sigma = \sqrt{\frac{\sum fd^2}{N}}$$

अथवा

यहाँ, $\sum$= योगफल

f = आवृत्ति

d =m- $\bar{X}$

प्राप्ताङ्कको मध्यबिन्दु र मध्यमानबीचको अन्तर

$fd^2$ = आवृत्ति, प्राप्ताङ्क र प्राप्ताङ्कको मध्यमानबीचको अन्तरको वर्गको गुणनफल

N = जम्मा सङ्ख्या

यस तथ्याङ्क विश्लेषणको क्रममा विद्यार्थीहरूको प्रयोग क्षमताको आधारमा विभिन्न खालका विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाई उनीहरूको प्रतिशताङ्क श्रेणी निर्धारण गरी दैनिकी लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ ।

## ३.६ दैनिकी लेखन मूल्याङ्कनका आधारहरू

दैनिकी लेखन मूल्याङ्कनका आधारहरू भन्नाले कुनै पनि व्यक्तिहरूले दैनिकी लेख्दा ध्यान दिनुपर्ने कुराहरू र त्यसमा नभई नहुने विषयवस्तु, क्रमबद्धता, भाषिक शुद्धता, ढाँचा, वाक्यगठन र शब्दचयन र शैली वा प्रस्तुतीकरण जस्ता कुराहरूलाई समावेश गरी परीक्षण गर्नु नै दैनिकी लेखन मूल्याङ्कनका आधारहरू हुन् । माथि उल्लेखित कुराहरूको अङ्कन प्रक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

समय : ३० मिनेट

| क्रम सङ्ख्या | शीर्षक | अङ्क |
|---|---|---|
| १ | विषयवस्तु | २.५ |
| २ | क्रमबद्धता | २ |
| ३ | भषिक शुद्धता | १.५ |
| ४ | ढाँचा | १ |
| ५ | वाक्यगठन वा शब्दचयन | १.५ |
| ६ | शैली वा प्रस्तुतीकरण | १.५ |
| | | जम्मा पूर्णाङ्क = १० |

प्रस्तुत शोधपत्रमा यिनै ६ कुराहरूलाई आधारमानी दैनिकी लेखनलाई १० अङ्क छुट्याई, समय ३० मिनेट छुट्याइएको छ ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता

कुनै पनि विद्यार्थीहरूको लेखाइ सीपको विकासका गर्नको लागि विभिन्न किसिमका विधाहरूलाई प्राथमिकता दिइन्छ । यस विषयसँग सम्बन्धित विभिन्न विधाहरूको उपयोग गरी विद्यार्थीहरूको लेखाइ क्षमतामा विकास गराउन सकिन्छ । निम्नमाध्यमिक विद्यालयका विद्यार्थीहरूलाई लेखाइ सीपमा विकास गर्न सहज किसिमका विधाहरूको प्रयोग गराउनुपर्ने हुन्छ । यस लेखनमा सिर्जनात्मक लेखन सम्बन्धित विधाहरूको प्रयोग गराएर विद्यार्थीहरूको लेखन सीपको परीक्षण गर्न अनुच्छेद लेखन, बुँदाटिपोट, सांराश लेखन, निबन्ध लेखन, चिठी लेखन, कथा लेखन, दैनिकी लेखन जस्ता विभिन्न विधाहरूको प्रयोग गर्नु राम्रो देखिन्छ । यसरी विभिन्न खालका सिर्जनात्मक लेखनहरूलाई लेखाइ क्षमताको परीक्षणका प्रमुख आधार मानिदै आएको छ ।

प्रस्तुत शोधपत्रमा मकवानपुर जिल्लाका कक्षा आाठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस उद्देश्य पुरा गर्नका लागि मकवानपुर जिल्लाका थाहा नगरपालिकाभित्रका सामुदायिक विद्यालयका ५ ओटा र संस्थागत विद्यालयका ५ ओटा गरी जम्मा १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । यस तथ्याङ्क सङ्कलन गर्न दुई ओटा शीर्षक दिएर कुनै एउटा शीर्षकमा दैनिकी लेखन गर्न लगाएर आएको तथ्याङ्कलाई समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थितिको आधारमा विषयवस्तु, क्रमबद्धता, भाषिक शुद्धता, ढाँचा, वाक्यगठन र शब्दचयन, शैली र प्रस्तुतीकरणलाई आधारमानी विश्लेषण गरिएको छ ।

### ४.१ समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा 'मकवानपुर जिल्लाका कक्षा आाठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' को पहिचान गर्ने उद्देश्य राखिएको छ । अध्ययनका लागि मकवानपुर जिल्लाका थाहा नगरपालिकाभित्र पर्ने सामुदायिक विद्यालयका ५ ओटा र संस्थागत विद्यालयका ५ ओटा गरी जम्मा १० ओटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थितिको बारेमा तल तालिकाका आधारमा वृत्तचित्र र स्तम्भचित्रबाट निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१.१**

**समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति**

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १०० | ५.८९ | ३२ | ३२ | ३४ | ३४ | ३४ | ३४ |

प्रस्तुत तालिकामा नमुना छनोटका रूपमा परेका १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई लिइएको छ । यस तथ्याङ्कलाई हेर्दा १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई समग्र विद्यार्थीहरूको जम्मा पूर्णाङ्क १० निर्धारण गरिएकामा औसत अङ्क ५.८९ रहेको पाइन्छ । विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कलाई प्रतिशतका आधारमा तिन श्रेणीमा विभाजन गरिएको छ । जसानुसार ८० प्रतिशतभन्दा माथि ल्याउनेको उच्च अङ्क ३२ अर्थात् ३२ प्रतिशत रहेको पाइन्छ । ७९ देखि ४१ प्रतिशतसम्म ल्याउनेको मध्यम अङ्क ३४ अर्थात् ३४ प्रतिशत रहेको पाइन्छ । ४० प्रतिशतभन्दा तल ल्याउनेको निम्न अङ्क ३४ अर्थात् ३४ प्रतिशत रहेको पाइन्छ । त्यसैले समग्र विद्यार्थीहरूको औसत प्राप्ताङ्क ५.८९ भएकाले औसत प्राप्ताङ्क भन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ५२ रहेकोले दैनिकी लेखन राम्रो रहेको देखिन्छ ।

माथिका तालिकाका आधारमा समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमतालाई निम्नानुसार वृत्तचित्र र स्तम्भचित्रबाट देखाइएको छ :

**चित्र नं. ४.१.१**

**समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति**



माथिको वृत्तचित्रानुसार ८० प्रतिशतभन्दा माथि ल्याउनेको उच्च अङ्क ३२ प्रतिशत रहेको पाइन्छ । ७९ देखि ४१ प्रतिशतसम्म ल्याउनेको मध्यम अङ्क ३४ प्रतिशत रहेको पाइन्छ । ४० प्रतिशतभन्दा तल ल्याउनेको निम्न अङ्क ३४ प्रतिशत रहेको पाइन्छ ।

**चित्र नं. ४.१.२**

**समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति**




माथिको स्तम्भचित्रानुसार ८० प्रतिशतभन्दा माथि ल्याउनेको उच्च अङ्क ३२ प्रतिशत रहेको पाइन्छ । ७९ देखि ४१ प्रतिशतसम्म ल्याउनेको मध्यम अङ्क ३४ प्रतिशत रहेको पाइन्छ । ४० प्रतिशतभन्दा तल ल्याउनेको निम्न अङ्क ३४ प्रतिशत रहेका पाइन्छ ।

## ४.२ समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको विश्लेषण

प्रस्तुत शोधपत्रमा 'मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' पहिचान गर्ने उद्देश्य राखिएको छ । यस अध्ययनका लागि मकवानपुर जिल्लाका थाहा नगरपालिकाभित्र पर्ने सामुदायिक विद्यालयका ५ ओटा र संस्थागत विद्यालयका ५ ओटा गरी जम्मा १० ओटा विद्यालयका १०/१० जना विद्यार्थीहरू गरी जम्मा १०० जना विद्यार्थीहरूलाई १० पूर्णाङ्कको परीक्षा लिई आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । त्यस विद्यालयबाट लिइएको परीक्षालाई ६ ओटा खण्डबाट विश्लेषण गरी तालिका आधारमा वृत्तचित्र र स्तम्भचित्रद्वारा प्रस्तुत गरिएको छ :

### ४.२.१ विषयवस्तुका आधारमा

तालिका नं. ४.२.२

**समग्र विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : २.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १०० | १.७३ | ५३ | ५३ | १६ | १६ | ३१ | ३१ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमतालाई विषयवस्तुको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेका छन् । यस विषयवस्तुको आधारमा जम्मा पूर्णाङ्क २.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क १.७३ रहेको पाइन्छ । जसमा ५३ जनाले प्रश्नानुसार विषयवस्तुको उपयुक्त तरिकाले व्यक्त गरेको पाइन्छ । १६ जनाले दैनिकीको विषयवस्तु राम्रोसँग व्यक्त नगरेको पाइन्छ । ३१ जनाले विषयवस्तुलाई ख्यालै नगरी लेखेको पाइन्छ । समग्र विद्यार्थीहरूको विषयवस्तुको आधारमा दैनिकी लेखन क्षमता उच्च देखिन्छ ।

चित्र नं. ४.२.३

**समग्र विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने ५३ प्रतिशत, मध्यम अङ्क ल्याउने १६ प्रतिशत र निम्न अङ्क ल्याउने ३१ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ४.२.२ क्रमबद्धताका आधारमा

तालिका नं. ४.२.३

**समग्र विद्यार्थीहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : २

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १०० | १.२० | २५ | २५ | ४० | ४० | ३५ | ३५ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको क्रमबद्धताको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेका छन् । यस क्रमबद्धताको आधारमा जम्मा पूर्णाङ्क २ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क १.२० रहेको पाइन्छ । जसमा २५ जनाले प्रश्नअनुसार क्रमबद्धताको उपयुक्त तरिकाले व्यक्त गरेको पाइन्छ । ४० जनाले दैनिकीको क्रमबद्धताका राम्रोसँग व्यक्त नगरेको पाइन्छ । ३५ जनाले क्रमबद्धतालाई ख्यालै नगरी लेखेको पाइन्छ । समग्र विद्यार्थीहरूको क्रमबद्धताको आधारमा दैनिकी लेखन क्षमता मध्यम रहेको देखिन्छ ।

चित्र नं. ४.२.४

**समग्र विद्यार्थीहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने २५ प्रतिशत, मध्यम अङ्क ल्याउने ४० प्रतिशत र निम्न अङ्क ल्याउने ३५ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ।

### ४.२.३ भाषिक शुद्धताका आधारमा

तालिका नं.४.२.४

**समग्र विद्यार्थीहरूले भाषिक शुद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १०० | ०.७९ | १८ | १८ | ४४ | ४४ | ३८ | ३८ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको भाषिक शुद्धताको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेका छन्। यस भाषिक शुद्धताको आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.७९ रहेको पाइन्छ । जसमा १८ जनाले प्रश्नअनुसार भाषिक शुद्धताकाको उपयुक्त तरिकाले व्यक्त नगरेको पाइन्छ । ४४ जनाले दैनिकीको भाषिक शुद्धताका राम्रोसँग व्यक्त गरेको पाइन्छ । ३८ जनाले भाषिक शुद्धताकालाई ख्यालै नगरी लेखेको पाइन्छ । समग्र विद्यार्थीहरूको भाषिक शुद्धताको आधारमा दैनिकी लेखन क्षमता मध्यम रहेको देखिन्छ।

चित्र नं. ४.२.५

**समग्र विद्यार्थीहरूले भाषिक शुद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने १८ प्रतिशत, मध्यम अङ्क ल्याउने ४४ प्रतिशत र निम्न अङ्क ल्याउने ३८ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ४.२.४ ढाँचाका आधारमा

**तालिका नं. ४.१.५**

**समग्र विद्यार्थीहरूले ढाँचाका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : १

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १०० | ०.६९ | ४६ | ४६ | ३४ | ३४ | २० | २० |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको ढाँचाको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेका छन् । यस ढाँचाको आधारमा जम्मा पूर्णाङ्क १ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.६९ रहेको पाइन्छ । जसमा ४६ जनाले प्रश्नानुसार ढाँचाको उपयुक्त तरिकाले व्यक्त गरेको पाइन्छ । ३४ जनाले दैनिकीको ढाँचाको राम्रोसँग व्यक्त गरेको पाइन्छ । २० जनाले ढाँचालाई ख्यालै नगरी लेखेको पाइन्छ । समग्र विद्यर्थीहरूको ढाँचाको आधारमा दैनिकी लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

**चित्र नं. ४.२.६**

**समग्र विद्यार्थीहरूले ढाँचाका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने ४६ प्रतिशत, मध्यम अङ्क ल्याउने ३४ प्रतिशत र निम्न अङ्क ल्याउने २० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ४.२.५ वाक्यगठन र शब्दचयनका आधारमा

तालिका नं. ४.३.६

**समग्र विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क : १.५**

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १०० | ०.७१ | १० | १० | ४१ | ४१ | ४९ | ४९ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको वाक्यगठन र शब्दचयनको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेका छन् । यस वाक्यगठन र शब्दचयनको आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.७१ रहेको पाइन्छ । जसमा १० जनाले प्रश्नानुसार वाक्यगठन र शब्दचयनको उपयुक्त तरिकाले व्यक्त नगरेको पाइन्छ । ४१ जनाले दैनिकी लेखनको वाक्यगठन र शब्दचयन मध्यम खालको पाइन्छ । ४९ जनाले वाक्यगठन र शब्दचयनलाई ख्यालै नगरी लेखेको पाइन्छ । समग्र विद्यार्थीहरूको वाक्यगठन र शब्दचयनको आधारमा दैनिकी लेखन क्षमता निम्न रहेको पाइन्छ ।

चित्र नं. ४.२.७

**समग्र विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने १० प्रतिशत, मध्यम अङ्क ल्याउने ४१ प्रतिशत र निम्न अङ्क ल्याउने ४९ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ४.२.६ शैली र प्रस्तुतीकरणका आधारमा

तालिका नं. ४.२.७

**समग्र विद्यार्थीहरूले शैली र प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १०० | ०.७५ | २० | २० | ३५ | ३५ | ४५ | ४५ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको शैली र प्रस्तुतीकरणको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेका छन् । यस शैली र प्रस्तुतीकरणका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.७५ रहेको पाइन्छ । जसमा २० जनाले प्रश्नानुसार शैली र प्रस्तुतीकरणको उपयुक्त तरिकाले व्यक्त गरेको पाइदैन । ३५ जनाको दैनिकी लेखन मध्यम रहेको पाइन्छ । ४५ जनाले शैली र प्रस्तुतीकरणलाई ख्याल नगरी लेखेको पाइन्छ । समग्र विद्यार्थीहरूको शैली र प्रस्तुतीकरणको आधारमा दैनिकी लेखन क्षमता निम्न रहेको देखिन्छ ।

चित्र नं. ४.२.८

**समग्र विद्यार्थीहरूले शैली र प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने २० प्रतिशत, मध्यम अङ्क ल्याउने ३५ प्रतिशत र निम्न अङ्क ल्याउने ४५ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

## ४.३ समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति मध्यमान र मानक विचलनको आधारमा

माथि प्रस्तुत गरिएका शीर्षकका आधारमा तुलना गरिएको समग्र विद्यार्थीहरूको प्राप्ताङ्कलाई आधारमानी त्यसको मध्यमान र मानक विचलन निकाली विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्तर व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका नं. ४.३.८**

**समग्र विद्यार्थीहरूको जम्मा प्राप्ताङ्कको मध्यमान र मानक विचलन**

| प्राप्ताङ्क (x) | मध्यविन्दु (m) | बारम्बारता (f) | f m | d = m-x | $d^2$ | $Fd^2$ |
|---|---|---|---|---|---|---|
| १-२ | १.५ | ६ | ९ | -४.१२ | १६.९७ | १०१.८२ |
| २-३ | २.५ | १२ | ३० | -३.१२ | ९.७३ | ११६.७६ |
| ३-४ | ३.५ | १६ | ५६ | -२.१२ | ४.४९ | ७१.८४ |
| ४-५ | ४.५ | ८ | ३६ | -१.१२ | १.२५ | १० |
| ५-६ | ५.५ | १३ | ७१.५ | -०.१२ | ०.०१ | ०.१३ |
| ६-७ | ६.५ | ७ | ४५.५ | ०.८८ | ०.७७ | ५.३९ |
| ७-८ | ७.५ | १३ | ९७.५ | १.८८ | ३.५३ | ४५.८९ |
| ८-९ | ८.५ | २१ | १७८.५ | २.८८ | ८.२९ | १७४.०९ |
| ९-१० | ९.५ | ४ | ३८ | ३.८८ | १५.०५ | ६०.२ |
| | | जम्मा = १०० | $\sum fm$ = ५६२ | | | $fd^2$ = ५८६.१२ |

२. मध्यमान (**Mean** )

मध्यमान (X)= $\frac{\sum fm}{N}$

मध्यमान = $\frac{५६२}{१००}$

= ५.६२

२. मानक विचलन (**standard deviation**)

$$\sigma = \sqrt{\frac{£fd}{N}}$$

$$= \sqrt{\frac{५८६.१२}{१००}}$$

$$= \sqrt{५.८६}$$

= २.४२

प्रस्तुत तालिकाअनुसार जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेको छ । जसमा जम्मा प्राप्ताङ्क ५६२ मा मध्यमान ५.६२ रहेको छ भने मानक विचलन २.४२ रहेको छ ।

# अध्याय पाँच

# लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमताको विश्लेषण

प्रस्तुत शोधपत्र 'मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' पहिचान गर्ने उद्देश्यले लैङ्गिकताका आधारमा सामुदायिक र संस्थागत विद्यालयका ५० जना छात्र र ५० जना छात्राहरूको अध्ययनमा केन्द्रित रहेका छ । लैङ्गिकताको आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमतालाई विषयवस्तु, क्रमबद्धता, भाषिक शुद्धता, ढाँचा, वाक्यगठन र शब्दचयन, शैली र प्रस्तुतीकरणलाई आधारमानी विश्लेषण गरिएको छ ।

## ५.१ छात्रहरूको दैनिकी लेखन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा लैङ्गिकताका आधारमा 'मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' पहिचान गर्ने उद्देश्यले थाहा नगरपालिकाभित्रका ५ ओटा सामुदायिक विद्यालयका र ५ ओटा संस्थागत विद्यालयका २५/२५ जना गरी जम्मा ५० जना छात्रहरूको दैनिकी लेखन क्षमताको स्थिति तल तालिका र स्तम्भ चित्रद्वारा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.१.१ विषयवस्तुका आधारमा

तालिका नं. ५.१.९

छात्रहरूले विषयवस्तुका आधारमा प्राप्त गरेका प्राप्ताङ्क

पूर्णाङ्क : २.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | १.७ | २३ | ४६ | १४ | २८ | १३ | २६ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको विषयवस्तुको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेका छन् । यस विषयवस्तुका आधारमा जम्मा पूर्णाङ्क २.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क १.७ रहेको पाइन्छ । जसअन्तर्गत २३ जना अर्थात् ४६ प्रतिशत छात्रहरूको दैनिकी लेखनमा विषयवस्तु व्यक्त गर्ने स्तर उच्च

रहेको पाइन्छ । १४ जना अर्थात् २८ प्रतिशत छात्रहरूको दैनिकी लेखनमा विषयवस्तुलाई व्यक्त गर्ने स्तर मध्यम रहेको पाइन्छ । १३ जना अर्थात् २६ प्रतिशत छात्रहरूले विषयवस्तुलाई व्यक्त गर्ने स्तर निम्न खालको रहेको पाइन्छ । त्यसैले दैनिकी लेखनमा छात्रहरूको विषयवस्तु राम्रो रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा विषयवस्तुलाई तल वृत्तचित्रद्वारा देखाइएको छ :

**चित्र नं. ५.१.९**

**छात्रहरूले विषयवस्तुको आधारमा प्राप्त गरेका प्राप्ताङ्क**




माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने ४६ प्रतिशत, मध्यम अङ्क ल्याउने २८ प्रतिशत र निम्न अङ्क ल्याउने २६ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.१.२ क्रमबद्धताका आधारमा

तालिका नं. ५.१.१०

छात्रहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेका प्राप्ताङ्क

पूर्णाङ्क : २

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | १.२१ | १२ | २४ | २१ | ४२ | १७ | ३४ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको क्रमबद्धताको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस क्रमबद्धताका आधारमा जम्मा पूर्णाङ्क २ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क १.२१ रहेको पाइन्छ । जसमा १२ जना अर्थात् २४ प्रतिशत छात्रहरूले दैनिकी लेखन गर्दा कमिक रूपमा घटना क्रमलाई मिलाएर लेखेको पाइन्छ । २१ जना अर्थात् ४२ प्रतिशत छात्रहरूले दैनिकी लेख्दा मध्यम खालको घटनाक्रमको प्रयोग गरी लेखिएको पाइन्छ । १७ जना अर्थात् ३४ प्रतिशत छात्रहरूले घटनाक्रमलाई नसमेटेर लेखेको पाइन्छ । त्यसैले क्रमबद्धता आधारमा छात्रहरूको दैनिकी लेखन मध्यम रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा क्रमबद्धतालाई तल स्तम्भचित्रद्वारा देखाइएको छ :

**चित्र नं. ५.१.१०**

**छात्रहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**




माथिको स्तम्भ चित्रानुसार उच्च अङ्क ल्याउने २४ प्रतिशत, मध्यम अङ्क ल्याउने ४२ प्रतिशत र निम्न अङ्क ल्याउने ३४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.१.३ भाषिक शुद्धताका आधारमा

तालिका नं. ५.१.११

छात्रहरूले भाषिक शुद्धताका आधारमा प्राप्त गरेका प्राप्ताङ्क

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.७८ | ७ | १४ | २३ | ४६ | २० | ४० |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको भाषिक शुद्धताको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस भाषिक शुद्धताका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.७८ रहेको पाइन्छ । जसमा ७ जना अर्थात् १४ प्रतिशत छात्रहरूले दैनिकी लेख्दा रह्व दीर्घ, पदयोग, पदवियोग, लेख्य चिह्नको प्रयोगमा त्रुटि गरेको देखिएन । २३ जना अर्थात् ४६ प्रतिशत छात्रहरूले दैनिकी लेख्दा लेख्य चिह्न, पदयोग, पदवियोग र रह्व दीर्घको प्रयोग मध्यम रहेको पाइन्छ । २० जना अर्थात् ४० प्रतिशत भाषिक शुद्धतामा कमजोर रहेको पाइन्छ । त्यसैले भाषिक शुद्धताका आधारमा छात्रहरूको दैनिकी लेखन निम्न रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा भाषिक शुद्धतालाई तल वृत्तचित्रद्वारा देखाइएको छ :

**चित्र नं.५.१.११**

**छात्रहरूले भाषिक शुद्धताका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**



माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने १४ प्रतिशत, मध्यम अङ्क ल्याउने ४६ प्रतिशत र निम्न अङ्क ल्याउने ४० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.१.४ ढाँचाका आधारमा

तालिका नं. ५.१.१२

**छात्रहरूले ढाँचाका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**

पूर्णाङ्क : १

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.६८ | २२ | ४४ | २१ | ४२ | ७ | १४ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको ढाँचाको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । ढाँचाका आधारमा जम्मा पूर्णाङ्क १ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.६८ रहेको पाइन्छ । जसमा २२ जना अर्थात् ४४ प्रतिशत छात्रहरूले दैनिकी लेख्दा ढाँचाको उपयुक्त प्रयोग गरेको पाइन्छ । २१ जना अर्थात् ४२ प्रतिशत छात्रहरूले मध्यम स्तरबाट र ७ जना अर्थात् १४ प्रतिशत छात्रहरूले ढाँचाको प्रयोग नगरेको पाइन्छ । त्यसैले ढाँचाका आधारमा छात्रहरूको दैनिकी लेखन राम्रो रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा ढाँचालाई तल स्तम्भचित्रद्वारा देखाइएको छ :

चित्र नं. ५.१.१२

**छात्रहरूले ढाँचाका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**



माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने ४४ प्रतिशत, मध्यम अङ्क ल्याउने ४२ प्रतिशत र निम्न अङ्क ल्याउने १४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.१.५ वाक्यगठन र शब्दचयनका आधारमा

तालिका नं. ५.१.१३

छात्रहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेका प्राप्ताङ्क

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.७१ | ५ | १० | १९ | ४८ | २६ | ५२ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको वाक्यगठन र शब्दचयनको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस वाक्यगठन र शब्दचयनका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.७१ रहेको पाइन्छ । जसमा ५ जना अर्थात् १० प्रतिशत छात्रहरूले दैनिकी लेखन गर्दा वाक्यगठन र शब्दचयनमा राम्रो विषयवस्तु प्रयोग गरेको पाइन्छ । १९ जना अर्थात् ४८ प्रतिशत छात्रहरूले दैनिकी लेख्दा वाक्यगठन र शब्दचयनलाई मध्यम खालको शब्दको प्रयोग गरी लेखिएको पाइन्छ । २६ जना अर्थात् ५२ प्रतिशत छात्रहरूले वाक्यगठन र शब्दचयनलाई नसमेटेर लेखेको पाइन्छ । त्यसैले वाक्यगठन र शब्दचयनमा छात्रहरूको दैनिकी लेखन कमजोर रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा वाक्यगठन र शब्दचयनलाई तल वृत्तचित्रद्वारा देखाइएको छ :

चित्र नं. ५.१.१३

छात्रहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेका प्राप्ताङ्क




माथिको वृत्तचित्रअनुसार उच्च अङ्क ल्याउने १० प्रतिशत, मध्यम अङ्क ल्याउने ४८ प्रतिशत र निम्न अङ्क ल्याउने ५२ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.१.६ शैली र प्रस्तुतीकरणका आधारमा

तालिका नं. ५.१.१४

छात्रहरूले शैली र प्रस्तुतीकरणका आधारमा प्राप्त गरेका प्राप्ताङ्क

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.७६ | १० | २० | १६ | ३२ | २४ | ४८ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको शैली र प्रस्तुतीकरणको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस शैली र प्रस्तुतीकरणका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.७६ रहेको पाइन्छ । जसमा १० जना अर्थात् २० प्रतिशत छात्रहरूले दैनिकी लेखन गर्दा शैली र

प्रस्तुतीकरणलाई सरल तरिकाले प्रस्तुत गरेको पाइन्छ । १६ जना अर्थात् ३२ प्रतिशत छात्रहरूले दैनिकी लेख्दा नबुझि र प्रस्तुतीलाई सिलसिलाबद्ध रूपमा लेखिएको पाइन्छ । २४ जना अर्थात् ४८ प्रतिशत छात्रहरूले दैनिकी लेख्दा शैली र प्रस्तुतीकरणलाई ख्याल नगरेको पाइन्छ । त्यसैले शैली र प्रस्तुतीकरणका आधारमा छात्रहरूको दैनिकी लेखन निम्न रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा शैली र प्रस्तुतीकरणकालाई तल स्तम्भचित्रद्वारा देखाइएको छ :

चित्र नं. ५.१.१४

छात्रहरूले शैली र प्रस्तुतीकरणका आधारमा प्राप्त गरेका प्राप्ताङ्क




माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने २० प्रतिशत, मध्यम अङ्क ल्याउने ३२ प्रतिशत र निम्न अङ्क ल्याउने ४८ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

## ५.२ छात्राहरूको दैनिकी लेखन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा लैङ्गिकताका आधारमा 'मकवानपुर जिल्लाका कक्षा आाठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' पहिचान गर्ने उद्देश्यले थाहा नगरपालिकाभित्रका ५ ओटा सामुदायिक विद्यालयका र ५ ओटा संस्थागत विद्यालयका २५/२५ जना गरी जम्मा ५० जना छात्राहरूको दैनिकी लेखन क्षमताको स्थिति तल तालिका र स्तम्भ चित्रद्वारा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.२.१ **विषयवस्तुका आधारमा**

तालिका नं. ५.२.१५

**छात्राहरूले विषयवस्तुका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**

पूर्णाङ्क : २.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | १.७१ | ३० | ६० | २ | ४ | १८ | ३६ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको विषयवस्तुको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस विषयवस्तुका आधारमा जम्मा पूर्णाङ्क २.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क १.७१ रहेको पाइन्छ । जसअर्न्तगत ३० जना अर्थात् ६० प्रतिशत छात्राहरूको दैनिकी लेखनमा विषयवस्तु व्यक्त गर्ने स्तर उच्च रहेको पाइन्छ । २ जना अर्थात् ४ प्रतिशत छात्राहरूले दैनिकी लेख्दा विषयवस्तुलाई व्यक्त गर्ने स्तर मध्यम रहेको पाइन्छ । १८ जना अर्थात् ३६ प्रतिशत छात्राहरूले विषयवस्तुलाई व्यक्त गर्ने स्तर निम्न खालको रहेको पाइन्छ । त्यसैले दैनिकी लेखनमा छात्राहरूको विषयवस्तु उच्च रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा विषयवस्तुलाई तल वृत्तचित्रद्वारा देखाइएको छ :

चित्र नं. ५.२.१५

**छात्राहरूले विषयवस्तुका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**




माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने ६० प्रतिशत, मध्यम अङ्क ल्याउने ४ प्रतिशत र निम्न अङ्क ल्याउने ३६ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.२.२ क्रमबद्धताका आधारमा

तालिका नं. ५.२.१६

**छात्राहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : २

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | १.१९ | १३ | २६ | १९ | ३८ | १८ | ३६ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको क्रमबद्धताको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस क्रमबद्धताका आधारमा जम्मा पूर्णाङ्क २ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क १.१९ रहेको पाइन्छ । जसमा १३ जना अर्थात् २६ प्रतिशत छात्राहरूले दैनिकी लेखन गर्दा क्रमिक रूपमा घटनाक्रमलाई मिलाएर लेखेको पाइन्छ । १९ जना अर्थात् ३८ प्रतिशत छात्राहरूले दैनिकी लेख्दा मध्यम खालको घटनाक्रमको प्रयोग गरी लेखिएको पाइन्छ । १८ जना अर्थात् ३६ प्रतिशत छात्राहरूले घटनाक्रमलाई नसमेटेर लेखेको पाइन्छ । त्यसैले क्रमबद्धता आधारमा छात्रहरूको दैनिकी लेखन मध्यम रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा क्रमबद्धतालाई तल स्तम्भ चित्रद्वारा देखाइएको छः

चित्र नं. ५.२.१६

**छात्राहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने २६ प्रतिशत, मध्यम अङ्क ल्याउने ३८ प्रतिशत र निम्न अङ्क ल्याउने ३६ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.२.३ भाषिक शुद्धताका आधारमा

तालिका नं. ५.२.१७

छात्राहरूले भाषिक शुद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.८१ | ११ | २२ | २२ | ४४ | १७ | ३४ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको भाषिक शुद्धताको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस भाषिक शुद्धताका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.८१ रहेको पाइन्छ । जसमा ११ जना अर्थात् २२ प्रतिशत छात्राहरूले दैनिकी लेख्दा रहृव दीर्घ, पदयोग, पदवियोग, लेख्य चिह्नको प्रयोगमा त्रुटि गरेको देखिएन, २२ जना अर्थात् ४४ प्रतिशत छात्राहरूले दैनिकी लेख्दा लेख्य चिह्न, पदयोग, पदवियोग र रहृव दीर्घको प्रयोग मध्यम रहेको पाइन्छ । १७ जना अर्थात् ३४ प्रतिशत भाषिक शुद्धतामा कमजोर रहेको पाइन्छ । त्यसैले भाषिक शुद्धताका आधारमा छात्राहरूको दैनिकी लेखन मध्यम रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा भाषिक शुद्धतालाई तल वृत्तचित्रद्वारा देखाइएको छ :

चित्र नं. ५.२.१७

छात्राहरूले भाषिक शुद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क



माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने २२ प्रतिशत, मध्यम अङ्क ल्याउने ४४ प्रतिशत र निम्न अङ्क ल्याउने ३४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.२.४ ढाँचाका आधारमा

**तालिका नं. ५.२.१८**

**छात्राहरूले ढाँचाका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : १

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.६८ | २४ | ४८ | १३ | २६ | १३ | २६ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको ढाँचाको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस ढाँचाका आधारमा जम्मा पूर्णाङ्क १ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.६८ रहेको पाइन्छ । जसमा २४ जना अर्थात् ४८ प्रतिशत छात्राहरूले दैनिकी लेख्दा ढाँचाको उपयुक्त प्रयोग गरेको पाइन्छ । १३ जना अर्थात् २६ प्रतिशत छात्राहरूले मध्यम स्तरबाट भने १३ जना अर्थात् २६ प्रतिशत छात्राहरूले ढाँचाको प्रयोग नगरेको पाइन्छ । त्यसैले ढाँचाका आधारमा छात्रहरूको दैनिकी लेखन उच्च रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा ढाँचालाई तल स्तम्भचित्रद्वारा देखाइएको छ :

**चित्र नं. ५.२.१८**

**छात्राहरूले ढाँचाका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने ४८ प्रतिशत, मध्यम अङ्क ल्याउने २६ प्रतिशत र निम्न अङ्क ल्याउने २६ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.२.५ वाक्यगठन र शब्दचयनका आधारमा

तालिका नं. ५.२.१९

छात्राहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.७२ | ५ | १० | २१ | ४२ | २४ | ४८ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको वाक्यगठन र शब्दचयनको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस वाक्यगठन र शब्दचयनका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.७२ रहेको पाइन्छ । जसमा ५ जना अर्थात् १० प्रतिशत छात्राहरूले दैनिकी लेखन गर्दा वाक्यगठन र शब्दचयनमा राम्रो विषयवस्तु प्रयोग गरेको पाइन्छ । २१ जना अर्थात् ४२ प्रतिशत छात्राहरूले दैनिकी लेख्दा वाक्यगठन र शब्दचयनलाई मध्यम खालको शब्दको प्रयोग गरी लेखिएको पाइन्छ । २४ जना अर्थात् ४८ प्रतिशत छात्राहरूले वाक्यगठन र शब्दचयनलाई नसमेटेर लेखेको पाइन्छ । त्यसैले वाक्यगठन र शब्दचयनमा छात्राहरूको दैनिकी लेखन कमजोर रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा वाक्यगठन र शब्दचयनलाई तल वृत्तचित्रद्वारा देखाइएको छ :

चित्र नं. ५.२.१९

छात्राहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क



माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने १० प्रतिशत, मध्यम अङ्क ल्याउने ४२ प्रतिशत र निम्न अङ्क ल्याउने ४८ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ५.२.६ शैली र प्रस्तुतीकरणका आधारमा

तालिका नं. ५.२.२०

छात्राहरूले शैली र प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.७४ | १० | २० | १८ | ३६ | २२ | ४४ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको शैली र प्रस्तुतीकरणको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । शैली र प्रस्तुतीकरणका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.७४ रहेको पाइन्छ । जसमा १० जना अर्थात् २० प्रतिशत छात्राहरूले दैनिकी लेखन गर्दा शैली र प्रस्तुतीकरणलाई सरल तरिकाले प्रस्तुत गरेको पाइन्छ । १८ जना अर्थात् ३६ प्रतिशत छात्राहरूले दैनिकी लेख्दा नबुझि र प्रस्तुतीलाई सिलसिलाबद्ध रूपमा लेखिएको पाइन्छ । २२ जना अर्थात् ४४ प्रतिशत छात्राहरूले दैनिकी लेख्दा शैली र प्रस्तुतीकरणलाई ख्याल नगरेको पाइन्छ । त्यसैले शैली र प्रस्तुतीकरणका आधारमा छात्रहरूको दैनिकी लेखन निम्न रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा शैली र प्रस्तुतीकरणलाई तल स्तम्भचित्रद्वारा देखाइएको छ :

चित्र नं. ५.२.२०

छात्राहरूले शैली र प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने २० प्रतिशत, मध्यम अङ्क ल्याउने ३६ प्रतिशत र निम्न अङ्क ल्याउने ४४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

## ५.३ लैङ्गिकताको आधारमा छात्र र छात्राहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत छात्र र छात्राहरूको दैनिकी लेखन क्षमताको तुलना गर्दा उनीहरूले प्राप्त गरेको औसत प्राप्ताङ्कलाई आधारमानी तलको तालिकाका आधारमा वृत्तचित्र र स्तम्भचित्रद्वारा व्याख्या गरिएको छ :

तालिका नं. ५.३.२१

लैँङ्गिकताको आधारमा छात्र र छात्राहरूकने प्राप्ताङ्कको तुलनात्मक स्थिति

पूर्णाङ्क : १०

| जम्मा विद्यार्थी सङ्ख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| छात्र ५० | ५.८५ | १४ | २८ | २० | ४० | १६ | ३२ |
| छात्रा ५० | ५.८८ | १८ | ३६ | १४ | २८ | १८ | ३६ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थितिको आधारमा विश्लेषण गर्दा छात्र विद्यार्थीको जम्मा सङ्ख्या ५० जनामा १० पूर्णाङ्क निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ५.८५ रहेको पाइन्छ भने छात्रा विद्यार्थीको जम्मा सङ्ख्या ५० जनामा १० पूर्णाङ्क निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ५.८८ रहेको पाइन्छ । जसमा छात्र विद्यार्थी १४ जना अर्थात् २८ प्रतिशत र छात्रा विद्यार्थी १८ जना अर्थात् ३६ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखन उच्च रहेको पाइन्छ । २० अर्थात् ४० र १४ अर्थात् २८ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखन मध्यम रहेको पाइन्छ भने १६ अर्थात् ३२ प्रतिशत र १८ अर्थात् ३६ प्रतिशत विद्यार्थीहरूको दैनिकी लेखनमा निम्न रहेको पाइन्छ ।

माथिको तालिकालाई निम्नानुसार वृत्तचित्र र स्तम्भचित्रबाट देखाइएको छ ।

**चित्र नं. ५.३.२१**

**लैंङ्गिकताको आधारमा छात्रहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति**




माथिको वृत्तचित्रानुसार समग्र छात्रहरूको दैनिकी लेखनमा उच्च अङ्क ल्याउने २८ प्रतिशत, मध्यम अङ्क ल्याउने ४० प्रतिशत र निम्न अङ्क ल्याउने ३२ प्रतिशत छात्रहरू रहेको पाइन्छ ।

चित्र नं. ५.३.२२

लैंङ्गिकताको आधारमा छात्राहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति




माथिको वृत्तचित्रानुसार समग्र छात्राहरूको दैनिकी लेखनमा उच्च अङ्क ल्याउने ३६ प्रतिशत, मध्यम अङ्क ल्याउने २८ प्रतिशत र निम्न अङ्क ल्याउने ३६ प्रतिशत छात्राहरू रहेको पाइन्छ ।

चित्र नं. ५.३.२३

लैंङ्गिकताको आधारमा छात्र र छात्राहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति



माथिको वृत्तचित्र र स्तम्भचित्रानुसार छात्र र छात्राहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा छात्रहरूले २८ प्रतिशत र छात्राहरूले ३६ प्रतिशत दैनिकी लेखनमा उच्च अङ्क ल्याएको पाइन्छ, ४० र २८ प्रतिशत दैनिकी लेखनमा मध्यम अङ्क ल्याएको पाइन्छ । ३२ र ३६ प्रतिशत दैनिकी लेखनमा निम्न रहेको पाइन्छ । त्यसैले छात्रहरूको तुलनामा छात्राहरूको दैनिकी लेखन क्षमता उच्च रहेको देखिन्छ ।

# अध्याय छ

# विद्यालय प्रकृतिको आधारमा दैनिकी लेखन क्षमताको विश्लेषण

प्रस्तुत शोधकार्यमा विद्यालय प्रकृतिको आधारमा 'मकवानपुर जिल्लाका कक्षा आाठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' पहिचान गर्ने उद्देश्यले थाहा नगरपालिकाभित्रका ५ ओटा सामुदायिक विद्यालयका ५० जना र ५ ओटा संस्थागत विद्यालयका ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति तल तालिकीकरणका आधारमा वृत्तचित्र र स्तम्भचित्रद्वारा प्रस्तुत गरिएको छ :

## ६.१ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति

प्रस्तुत शोधपत्र 'मकवानपुर जिल्लाका कक्षा आाठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' पहिचान गर्ने उद्देश्यले विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । सामुदायिक विद्यालयका आधारमा विषयवस्तु, क्रमबद्धता, भाषिक शुद्धता, ढाँचा, वाक्यगठन र शब्दचयन, शैली र प्रस्तुतीकरणलाई आधारमानी विश्लेषण गरिएको छ ।

### ६.१.१ विषयवस्तुका आधारमा

तालिका नं. ६.१.२२

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

पूर्णाङ्क : २.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | १.४३ | १७ | ३४ | १३ | २६ | २० | ४० |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको विषयवस्तुको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस विषयवस्तुका आधारमा जम्मा पूर्णाङ्क २.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क १.४३ रहेको पाइन्छ । जसमा १७ जना

अर्थात् ३४ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखन गर्दा विषयवस्तुमा उच्च अङ्क ल्याएको पाइन्छ । १३ जना अर्थात् २६ प्रतिशत विद्यार्थीहरूले मध्यम अङ्क ल्याएको पाइन्छ । २२ जना अर्थात् ४४ प्रतिशतले दैनिकी लेखनको विषयवस्तुमा निम्न अङ्क ल्याएको पाइन्छ । त्यसैले शैली र प्रस्तुतीकरणका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन निम्न रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा विषयवस्तुलाई तल वृत्तचित्रद्वारा देखाइएको छ :

**चित्र नं. ६.१.२४**

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने ३४ प्रतिशत, मध्यम अङ्क ल्याउने २६ प्रतिशत र निम्न अङ्क ल्याउने ४० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ६.१.२ क्रमबद्धताका आधारमा

तालिका नं.६.१.२३

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : २

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.९४ | २ | ४ | २६ | ५२ | २२ | ४४ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको क्रमबद्धताको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस क्रमबद्धताका आधारमा जम्मा पूर्णाङ्क २ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.९४ रहेको पाइन्छ । जसमा २ जना अर्थात् ४ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखन गर्दा घटनाक्रमलाई सहि तरिकाले प्रस्तुत गरेको पाइन्छ । २६ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेख्दा घटनाक्रमलाई सिलसिलाबद्ध रूपमा लेखिएको पाइन्छ । २२ जना अथात् ४४ प्रतिशत विद्यार्थीहरूको दैनिकी लेखन निम्न पाइन्छ । त्यसैले क्रमबद्धताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन मध्यम रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा क्रमबद्धतालाई तल स्तम्भचित्रद्वारा देखाइएको छ :

चित्रनं. ६.१.२५

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने ४ प्रतिशत, मध्यम अङ्क ल्याउने ५२ प्रतिशत र निम्न अङ्क ल्याउने ४४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ६.१.३ भाषिक शुद्धताका आधारमा

तालिका नं.६.१.२४

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले भाषिक शुद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.६५ | १ | २ | २४ | ४८ | २५ | ५० |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको भाषिक शुद्धताको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस भाषिक शुद्धताका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.६५ रहेको पाइन्छ । जसमा १ जना अर्थात् २ प्रतिशत विद्यार्थीहरूले भाषिक शुद्धतामा रह्रव दीर्घ, पदयोग, पदवियोग र लेख्य चिह्न उच्च रहेको पाइन्छ । २४ जना अर्थात् ४८ प्रतिशत भाषिक शुद्धतामा मध्यम खालको रहेको पाइन्छ । २५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरूले दैनिकी लेख्दा भाषिक शुद्धतामा रह्रव दीर्घ, पदयोग, पदवियोग र लेख्य चिह्नको प्रयोग निम्न रहेको पाइन्छ । त्यसैले भाषिक शुद्धताका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन निम्न भएको देखिन्छ ।

माथिको तालिकाका आधारमा भाषिक शुद्धतालाई तल वृत्तचित्रद्वारा देखाइएको छ :

चित्र नं. ६.१.२६

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले भाषिक शुद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने २ प्रतिशत, मध्यम अङ्क ल्याउने ४८ प्रतिशत र निम्न अङ्क ल्याउने ५० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ६.१.४ ढाँचाका आधारमा

तालिका नं.६.१.२५

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले ढाँचाका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

पूर्णाङ्क : १

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.६२ | १३ | २६ | २५ | ५० | १२ | २४ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको ढाँचााको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस ढाँचाका आधारमा जम्मा पूर्णाङ्क १ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.६२ रहेको पाइन्छ । जसमा १३ जना अर्थात् २६ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखन गर्दा ढाँचाको उपयुक्त तरिकाले प्रस्तुत गरेको पाइन्छ । २५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरूको दैनिकी लेखन मध्यम खालको रहेको पाइन्छ । १२ जना अर्थात् २४ प्रतिशत विद्यार्थीहरूको दैनिकी लेखनको प्रयोग निम्न रहेको पाइन्छ । त्यसैले सामुदायिक विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमता ढाँचाका आधारमा मध्यम रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा ढाँचालाई तल स्तम्भचित्रद्वारा देखाइएको छ :

चित्र नं.६.१.२७

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले ढाँचाका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको स्तम्भचित्रानुसार उच्च अङ्क ल्याउने २६ प्रतिशत, मध्यम अङ्क ल्याउने ५० प्रतिशत र निम्न अङ्क ल्याउने २४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ६.१.५ वाक्यगठन र शब्दचयनका आधारमा

तालिका नं. ६.१.२६

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.५६ | १ | २ | १७ | ३४ | ३२ | ६४ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको वाक्यगठन र शब्दचयनको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस वाक्यगठन र शब्दचयनका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.५६ रहेको पाइन्छ । जसमा १ जना अर्थात् २ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखन गर्दा वाक्यगठन र शब्दचयनलाई ख्याल गरेको पाइन्छ । १७ जना अर्थात् ३४ प्रतिशत

विद्यार्थीहरूले दैनिकी लेखन वाक्यगठन र शब्दचयनलाई मध्यम तरिकाबाट लेखिएको पाइन्छ । ३२ जना अर्थात् ६४ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखनमा वाक्यगठन र शब्दचयनलाई ख्याल नगरेको पाइन्छ । त्यसैले सामुदायिक विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमता वाक्यगठन र शब्दचयनको आधारमा निम्न रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा वाक्यगठन र शब्दचयनलाई तल वृत्तचित्रद्वारा देखाइएको छ :

**चित्र नं. ६.१.२८**

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको वृत्तचित्रानुसार उच्च अङ्क ल्याउने २ प्रतिशत, मध्यम अङ्क ल्याउने ३४ प्रतिशत र निम्न अङ्क ल्याउने ६४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

### ६.१.६ शैली र प्रस्तुतीकरणकाा आधारमा

तालिका नं. ६.१.२७

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले शैली र प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | ०.५५ | १ | २ | १७ | ३४ | ३२ | ६४ |

प्रस्तुत तालिकाअनुसार दैनिकी लेखन क्षमताको शैली र प्रस्तुतीकरणको आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । यस शैली र प्रस्तुतीकरणका आधारमा जम्मा पूर्णाङ्क १.५ निर्धारण गरिएकामा औसत प्राप्ताङ्क ०.५५ रहेको पाइन्छ । जसमा १ जना अर्थात् २ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखन गर्दा शैली र प्रस्तुतीकरणलाई उच्च तरिकाले प्रस्तुत गरेको पाइन्छ । १७ जना अर्थात् ३४ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखनमा शैली र प्रस्तुतीकरणलाई सिलसिलाबद्ध रूपमा लेखिएको पाइन्छ । ३२ जना अर्थात् ६४ प्रतिशत विद्यार्थीहरूले दैनिकी लेखनमा शैली र प्रस्तुतीकरणलाई ख्याल नगरेको पाइन्छ । त्यसैले सामुदायिक विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमता शैली र प्रस्तुतीकरणका आधारमा निम्न रहेको देखिन्छ ।

माथिको तालिकाका आधारमा शैली र प्रस्तुतीकरणलाई तल स्तम्भचित्रद्वारा देखाइएको छ :

चित्र नं. ६.१.२९

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले शैली र प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको स्तम्भचित्रअनुसार उच्च अङ्क ल्याउने २ प्रतिशत, मध्यम अङ्क ल्याउने ३४ प्रतिशत र निम्न अङ्क ल्याउने ६४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

## ६.२ संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षनताको स्थिति

प्रस्तुत शोधपत्र 'मकवानपुर जिल्लाका कक्षा आाठमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता' पहिचान गर्ने उद्देश्यले विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । सामुदायिक विद्यालयका आधारमा लैनिकी लेखन क्षमतालाई विषयवस्तु, ऋमबद्धता, भाषिक शुद्धता, ढाँचा, वाक्यगठन र शब्दचयन, शैली र प्रस्तुतीकरणलाई आधारमानी विश्लेषण गरिएको छ ।

### ६.२.१ विषयवस्तुका आधारमा

तालिका नं. ६.२.२८

संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

पूर्णाङ्क : २.५

| जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | २.०३ | ३६ | ७२ | ३ | ६ | ११ | २२ |

